## परिच्छेद-एक
## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकास तथा शुरुवात सँगसँगै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा शिक्षाको शुरुवात तथा विकास भएको पाईन्छ । विश्वका सम्पूर्ण राष्ट्रहरुले शिक्षालाई मानव विकासको अभिन्न अंगको रुपमा तथा महत्वपूर्ण मानव अधिकारको रुपमा अङ्गीकार गरी राष्ट्रको प्रगति तथा विकासको प्रमूख माध्यमको रुपमा कार्यान्वयन गरेका छन् । कुनैपनि ब्यक्ति,समाज तथा राष्ट्रको प्रगति र उन्नति त्यस देशको शिक्षा प्रणालीमा भर पर्दछ । यसरी शिक्षा र समाज बीच निकै घनिष्ठ सम्बन्ध छ किनकि शिक्षाको सफलता समाजको अवस्था तथा संरचनामा भर पर्दछ भने समाजको विकासपनि विद्यमान शिक्षा प्रणालीमा नै भर पर्दछ । तसर्थ शिक्षाको आदानप्रदान गर्ने प्रमुख माध्यमको रुपमा विद्यालयलाई स्वीकारिन्छ भने विद्यालय एक आधारभुत सामाजिक संस्था पनि हो (खनिया,२०६७) ।

विशेष गरी शैक्षिक विकेन्द्रीकरणको धारणा अनुरुप सामुदायिक विद्यालयको शुरुवात गरिएको पाईन्छ । यसरी यहाँशैक्षिक विकेन्द्रीकरण भन्नाले शिक्षासम्वन्धी अधिकार तथा जिम्मेवारी स्थानीय निकाय तथा समुदायसम्म पुऱ्याउनेकार्य हो । जसले गर्दा एकातिर स्थानीय शैक्षिक आवश्यकताको परिपूर्ति पनि सजिलो हुन जान्छ भने अर्कोतिर स्थानीय शैक्षिक समस्यालाई पनि स्थानीय स्तरमा नै समाधान गर्न सकिन्छ । मुल रुपमा स्थानीय स्तरमा कार्यक्रमलाई सवल र सुदृढ बनाउन स्थानीय निकायको सक्षमता अभिवृद्वि गर्दै स्थानीय स्रोत र साधनको उच्चतम उपयोग गर्न आवश्यक कानुनी एवम् प्रशासकिय अधिकारबाट सम्पन्न गर्ने कार्य नै विकेन्द्रीकरण हो (अधिकारी, २०६५) ।

विशेषत : नेपालमा समुदायमा आधारित विद्यालयहरु २ प्रकारका छन् । ती हुन् सामुदायिक विद्यालय र संस्थागत विद्यालय (शर्मा,२०६७) ।

समुदाय भन्नाले वृहत अर्थमा विद्यालयका शिक्षक,अभिभावक, वि.व्य.स., शि.अ.संघ, विद्यालयको सेरोफेरो, स्थानीय वुद्विजीवी, सेवा क्षेत्रका आम जनसमुदाय, सरकार तथा विद्यालय बीचको सम्पर्क एवम् समन्वय विन्दुको रुपमा कार्य गर्ने निकायलाई बुझाउँदछ । सामुदायिक विद्यालय भन्नाले "नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ, शिक्षक भन्नाले उक्त विद्यालयको अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ" (शिक्षा ऐन, २०२८) ।

सामुदायिक विद्यालयहरुले नेपाल सरकारबाट मान्यता प्राप्त पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन गर्नु पर्दछ । नेपालको शैक्षिक इतिहासलाई शुक्ष्म रुपले केलाएर अध्ययन गर्ने हो भने विद्यालयको विस्तार तथा विकास समुदायकै पहलमा हुदै आएको छ । प्राचिन समयको संस्कृत, वैदिक तथा गुरुकुल शिक्षादेखि आधुनिक प्रार्दुभावसम्म समुदायको अहम भूमिका रहेको छ । प्रत्येक गाउँ, वडा तथा वस्तीमा शिक्षण संस्थाहरु कसले स्थापना गऱ्यो ? सञ्चालनका लागि आर्थिकस्रोत कसले जुटायो ?

कसले भवन बनायो ?इत्यादी प्रश्नको उत्तर समुदायको संलग्नता विना खोज्न सकिदैन । सरकार नपुगेको ठाउँमा समुदाय पुग्यो, जनताको आवश्यकता समुदायले नै बुझ्यो, शिक्षा विकासको मेरुदण्ड समुदाय नै हो । वि.स.२०२८ सालमा नयाँ शिक्षा पद्दतिको योजनाको शुरुवात सँगसँगै विद्यालयको व्यवस्थापकीय जिम्मेवारीमा सरकारको महत्वपूर्ण भूमिका रहे पश्चात समुदायको जिम्मेवारी कम भयो । यसबाट एकातिर सरकारी लगानी र व्यवस्थापकीय जिम्मेवारी प्रर्याप्त हुन नसकेको अवस्था देखिएन भने अर्कातिर समुदायलाई जिम्मेवारी वोध गराउन नसकिएकै कारण रा.शि.प.यो. ले कार्यान्वयनमा अपेक्षित सफलता हाशिल गर्न सकेन । रा.शि.प.यो. लागू भए पश्चात् भन्दा अघि स्थापना गरिएका सम्पूर्ण नीजी विद्यालय र पब्लिक स्कुलहरु राष्ट्रियकरण गरिए ।यसरी विद्यालयलाई राष्ट्रियकरण गर्नुको मुख्य उद्देश्य शिक्षाको गुणस्तर वृद्धि गर्नु थियो । रा.शि.प.यो.ले नेपालमा ३ प्रकारका विद्यालयहरु सिफारिस गरेको थियो ।जस अर्न्तगत सरकारी विद्यालय,पब्लिक विद्यालय तथा प्राइभेट विद्यालय पर्दछन् । शिक्षाको गुणस्तर वृद्धि गर्ने उद्देश्यले सम्पूर्ण विद्यालयहरुलाई राष्ट्रियकरण गरिए तापनि शिक्षा क्षेत्रमा ल्याइएका शैक्षिक नीति तथा आर्थिक नीति स्पष्ट नभएको र शिक्षा क्षेत्रमा सरकार र जनताको कति उत्तरदायित्व भन्ने विषय स्पष्ट नभएकोले उक्त उद्देश्य पूरा हुन सकेन ।

नेपालमा वि.सं. २००७ साल पूर्व समुदायद्वारा सञ्चालित विद्यालयमा सरकारी एकमुष्ट रकम अनुदान पाउने गरी शिक्षासम्बन्धी इस्तिहार लगायत प्राप्त निर्देशनको आधारमा शिक्षकको व्यवस्थापन गरिएको थियो ( वराल, २०६७) ।

वि.सं. २००७ सालको राजनीतिक परिवर्तन पश्चात् विद्यालयको संख्यामा वृद्धि भएको पाइन्छ । विभिन्न समयका शिक्षा आयोगहरूले सिफारिस गरेपनि शिक्षकको व्यवस्थापन समुदायबाट सम्पादन गरिएको थियो । वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भए पश्चात पहिलोपटक विद्यालयको तहगत शिक्षक दरवन्दी र त्यसमा सरकारी लगानीको हिस्सा तोकी शिक्षकको व्यवस्थापन गरिएको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजनाले ग्रैरसरकारी शिक्षकहरूको सेवालाई नियमित र सुरक्षित बनाउन जिल्ला स्तरमा शिक्षक सेवा गठन गरिने, शिक्षकहरूको तलव समान योग्यता भएकाले अरू पेशामा पाउने सरह नै हुने, गैह्रसरकारी शिक्षकलाई पनि अवकाश पाएपछि अनुदान दिइने जस्ता कुरा उल्लेख गरेको समेत पाइन्छ (रा.शि.प.यो. २०२८) ।

नयाँ शिक्षा योजना अर्थात राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले सामुदायिक विद्यालयलाई राष्ट्रिय पद्दतिमा ल्याउने प्रयास गर्‍यो । यो पद्दतिको योजनाले विद्यालयहरूलाई राष्ट्रियकरण भने गरेको होइन, एउटा पद्धतिभित्र ल्याएको हो, लागत साझेदारी गरेको भने हो । प्राथमिक तहमा १००% नि.मा.वि. तहमा ७५% र माध्यमिक तहमा ५०% शिक्षकको तलवभत्ता सरकारबाट विद्यालयलाई जिल्ला शिक्षा कार्यालय मार्फत, निकाशा दिइन्यो भने जिल्ला शिक्षक सेवा आयोगको सिफारिसमा स्थायी शिक्षकको नियुक्ति दिने गरिन्थ्यो (रा.शि.प.यो, २०२८) ।

शिक्षा नियमावली २०२८ को सातौं संशोधन पश्चात् शिक्षक सेवा आयोगको स्थानमा जिल्ला शिक्षा समिति अन्तर्गत रहने गरी शिक्षक छनोट उपसमितिको व्यवस्था गरियो । स्थायी शिक्षकको नियुक्ति तथा बढुवा यही समितिको सिफारिसमा विद्यालय सञ्चालक समितिले गर्ने व्यवस्था भयो । शिक्षा ऐन २०२८ को चौथो संशोधन २०४५ र नियमावलीको आठौं संशोधनबाट शिक्षक छनोट उपसमितिलाई शिक्षक छनोट समितिमा परिवर्तन गरियो । यस समितिले छनोट गरेको उम्मेदवारलाई जिल्ला शिक्षा निरीक्षकको सिफारिसमा विद्यालय सञ्चालक समितिले परीक्षणकालको व्यवस्था गरी स्थायी नियुक्ति गर्ने र अस्थायी शिक्षकको सन्दर्भमा विद्यालय सञ्चालक समितिले नियुक्ति गर्दथ्यो । शिक्षा ऐनको पाँचौ संशोधन २०४९ ले जिल्ला शिक्षक छनोट समिति र क्षेत्रमा क्षेत्रीय शिक्षक छनोट समितिको व्यवस्था गरी प्राथमिक तहको जिल्लास्तरबाट र निम्न माध्यमिक र माध्यमिक तहको क्षेत्रीय स्तरबाट छनोट गरी सिफारिस गर्ने र जिल्ला शिक्षा कार्यालयले नियुक्ति गर्ने व्यवस्था गरियो (शिक्षा ऐन, २०२८ संशोधन सहित) ।

शिक्षा ऐन, २०२८ को छैटौ संशोधन (२०५५) ले शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवा गर्नका लागि सिफारिस गर्न राष्ट्रिय सेवा आयोगको व्यवस्था गरेको थियो भने राष्ट्रिय शिक्षक सेवा आयोगको अगाडिको राष्ट्रिय शब्द संशोधन बाट हटाएर वर्तमान अवस्थामा उक्त आयोगले शिक्षकहरूको स्थायी नियुक्ती र बढुवाको सिफारिस गर्ने र अध्यापन अनुमतिपत्रको कार्यसम्पादन गर्ने गरिरहेको छ । नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालयमा काम गर्ने शिक्षकहरूका लागि विद्यालय शिक्षा सेवाको गठन गरिएको छ। शिक्षा ऐन २०२८ को दफा १९ (२) अनुसार शिक्षा नियमावली २०५९ को नियम ८६ द्वारा विद्यालय शिक्षा सेवाको गठन गरिएको छ ( वराल २०६८: मा उदृत १८-१९) ।

वर्तमान शिक्षाको पाँचौ संशोधनबाट अस्थायी शिक्षक छनौट गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति वा स्थानीय निकायलाई प्रदान गरिए पश्चात् सामुदायिक शिक्षकको छनौट/नियुक्ति तथा त्यसरी नियुक्त शिक्षकको बढुवाको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा ३ सदस्यीय एक शिक्षक छनोट समिति रहने र उक्त समितिले शिक्षकको छनौट गर्ने व्यवस्था छ । उक्त समितिले, अस्थायी, राहत, पी.सि.एफ, नीजिस्रोत गरी १३ प्रकारका शिक्षक छनौट गरी नियुक्ति गरिरहेको छ । शिक्षा नियमावली संशोधन २०६७ ले साविकमा रहेको अस्थायी नियुक्ति सम्बन्धी व्यवस्था हटाई करारमा मात्र शिक्षक नियुक्ति गर्ने व्यवस्था गरेको साथै स्थायी पदपूर्ति नभएसम्मका लागि एक पटकमा ६ महिनामा नवढाई सम्वत् २०७० साल चैत्र मसान्तसम्म म्याद थप गर्न सकिने व्यवस्था गरेको छ (शिक्षा नियमावली, २०५९) ।

सामुदायिक विद्यालयमा शिक्षक छनौट गर्दा विद्यालय व्यवस्थापन समितिले खुला प्रतियोगिताद्वारा रिक्त पद पूर्ति गर्नको लागि रिक्त पदसंख्या, आवश्यक न्यूनतम योग्यता वा आधारहरू, दरखास्त बुझाउने स्थान तथा अन्तिम मिति, परीक्षा हुने मिति र स्थान समेतको विवरण खुलाई ३० दिनको म्याद दिई विज्ञापन गर्नुपर्ने र त्यसरी विज्ञापन भएको कुरा सबैले थाहा पाउने गरी सम्बन्धित विद्यालय, स्थानीय निकाय र जिल्ला शिक्षा कार्यालयको पाटीमा टाँस गर्नुपर्ने व्यवस्था छ । शिक्षक छनौट समितिले तोकिएको दिनमा तोकिएको परीक्षा लिई मापदण्ड अनुसार शिक्षकको छनौट गरी नियुक्ति गर्ने व्यवस्था गरेको छ ।

## १.२ अध्ययन क्षेत्रको परिचय

अध्ययन क्षेत्र भन्नाले आफूले अध्ययन गर्ने क्षेत्रको बारेमा दिइने परिचय हो । यसले गर्दा अध्ययनकर्ता कुन स्थानमा गएर आफ्नो अनुसन्धान कार्य सम्पन्न गरेको रहेछ भन्ने कुरा अवगत गराउँछ । कुनैपनि खोज तथा अनुसन्धान कार्यलाई उद्देश्यमूलक बनाई अध्ययन गर्नका लागी आधारका रुपमा एउटा अध्ययन गरिने क्षेत्रको आवश्यकता पर्दछ । जसका लागी यहाँ पाल्पा जिल्लालाई छनोट गरिएको थियो ।

पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत पर्ने १६ वटा जिल्लाहरु मध्ये पाल्पा जिल्ला पनि एउटा पहाडी जिल्ला हो, जुन लुम्बिनी अञ्चलमा पर्दछ । भौगोलिक हिसावले पूर्व तर्फ नवलपरासी पश्चिममा अर्घाखाँची र गुल्मी, उत्तरमा स्याङ्जा गुल्मी र तनहुँ त्यसैगरी दक्षिण सिमानामा रुपन्देही र नवलपरासी जिल्लाहरु पर्दछन् । २७ ३४' देखि २७ ५७' उत्तर अक्षांश र ८३ १५' देखि ८४ २२' पूर्वी देशान्तरमा अवस्थित सुन्दर जिल्ला प्राकृतिक, भौगोलिक र साँस्कृतिक, जातीय विविधता रहेको छ , जसको क्षेत्रफल १३६६ वर्ग कि.मी. र उचाई १५२ मिटर देखि १९३६ मिटर छ ।

नेपालको कुल क्षेत्रफको १३६६ वर्ग कि. मी. क्षेत्रफल ओगटेको यो जिल्लामा १ नगरपालिका र ६५ वटा गा.वि.स. रहेका छन् । संसदिय निर्वाचनको हिसावले २ वटा निर्वाचन क्षेत्र र १३ वटा इलाका रहेको यस जिल्लाको जिल्ला सदरमुकाम तानसेन (१३७२मी.उचाइमा अवस्थित) रहेको छ । यस जिल्लाको तापक्रम ३२ सेन्टिग्रेट देखि ४ सेन्टिग्रेट र औषत वार्षिक वर्षा १९०३ मिलिमिटर रहेको छ । यस जिल्लाको कुल भु-भागको ४१.८५ प्रतिशत खेतीयोग्य जमिन, ३९.४७ प्रतिशत झाडी, बुट्यान, ५.१२ प्रतिशत चरनक्षेत्र र ०.९२ प्रतिशत अन्य रहेको छ (राष्ट्रिय जनगणना, २०५८) ।

पाल्पा जिल्लामा पर्ने १९ वटा स्रोतकेन्द्र अर्न्तगत रहेका ४२३ वटा सामुदायिक विद्यालय मध्ये प्रा.वि. १०३ वटा, नि.मा.वि. १५२ वटा र मा.वि. १६८ वटा विद्यालय रहेका छन् । अध्ययनका क्रममा स्रोत केन्द्र सरस्वती मा.वि. वरडाडा खस्यौलीमा पर्ने १९ वटा सामुदायिक विद्यालय मध्ये वन्दिपोखरा गा.वि.स.को श्री चण्डिका प्रा.वि., बौघागुम्बा सर्वोदय सामुदायिक स्रोतकेन्द्र अन्तरगतका ११ वटा विद्यालय मध्ये नामीकुवा नि. मा.वि., कालिका नि.मा.वि. सामुदायिक स्रोत केन्द्र अन्तरगतका १६ वटा विद्यालय मध्ये पालुङ्ग मैनादी गा.वि.स.मा पर्ने प्रभात मा.वि र तानसेन नगरपालिकामा पर्ने स्रोतकेन्द्र सेन मा.वि. अन्तरगत पर्ने जम्मा २३ विद्यालय मध्ये लक्ष्मी उ.मा.वि. लाई अध्ययन क्षेत्रको रुपमा छनोट गरी अनुसन्धानको रुपमा छनोट गरिएको थियो । यस क्षेत्रमा विकासका पूर्वाधारहरुको व्यवस्था नभएको उल्लेख छ साथै बाह्मण, क्षेत्री, मगर, दमाई, कामी जस्ता मिश्रित जातजातिको बसोबास रहेको छ ।

### १.३ समस्याको कथन

सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रिया सम्बन्धि समस्यालाई यस अध्ययनले मुख्य समस्याको रुपमा लिएको छ । विगत झण्डै २ दशक यता शिक्षक सेवा आयोगले लिने शिक्षकको स्थायी नियुक्ति प्रक्रिया रोकिएको र शिक्षा ऐनको ५ औ संशोधनले अस्थायी नियुक्तिको जिम्मेवारी वि.व्य.स. एवम् स्थानिय निकायलाई प्रदान गरिए पश्चात सामुदायिक विद्यालयमा ,समान योग्यता र एउटै तहमा अध्यापन गराउने शिक्षकहरुलाई अस्थायी, राहत, पि.सि.एफ., करार, नीजिस्रोत जस्ता विभिन्न नामले छनोट एवम् नियुक्ति गरी उनीहरुले पाउने सेवा सुविधामा समेत भिन्नता भएको भन्ने जस्ता कुराहरु विभिन्न सञ्चार माध्यम एवम् पत्र पत्रिका र आम जनसमुदायको आवाजबाट सुन्नमा आएको छ । त्यस्तै शिक्षा नियमावलीको ६औं संशोधन २०६७ ले साविकमा रहेको अस्थायी नियुक्ति सम्बन्धि व्यवस्था हटाई स्थायी पदपूर्ति नभएसम्मको लागि एकपटकमा ६ महिनामा नबढाई वि.स. २०७० साल चैत्र मसान्त म्याद थप गर्न सकिने व्यवस्था गरे पश्चात् उनीहरुको जागिरको स्थायित्व प्रति प्रश्न चिन्ह खडा भएको छ भन्ने प्रश्न पनि अनुत्तरित नै रहेको छ । प्र.अ. छनौट गर्दा शिक्षा नियमावलीमा उल्लेखित आधारहरुलाई नमानी मनोमानी रुपमा प्र.अ. छनोट गरिएको भन्ने जस्ता गुनासाहरु पनि सुन्नमा आएको हुनाले अध्ययन कर्ताद्धारा सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रिया के कस्तो रहेछ भन्ने सम्बन्धमा यर्थाथ जानकारी लिन यस शिर्षकमा अध्ययन गरिएको हो ।

### १.४ अनुसन्धानात्मक प्रश्नहरू

कुनै पनि अध्ययनको उद्देश्य पूरा गर्नका लागि अनुसन्धान प्रश्नहरूबनाउनु उपयुक्त हुन्छ । यो अध्ययनलाईसहज तरिकाले सम्पन्न गर्नका लागि निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरूनिर्माण गरिएको छ :

(क) विद्यालयमा शिक्षक छनोट कसरी गरिन्छ ?

(ख) के कस्ता प्रकृतिका शिक्षकहरूको छनोट गरिरहेको अवस्था छ ?

(ग) सम्बन्धित विषयमा विशिष्टिकरण गरेका शिक्षकहरू छनोट भएका छन् वा छैनन्?

(घ) शिक्षकको छनौटका आधारहरू कुन कुन छन् ? वा शिक्षक छनौट गर्दा कुन पक्षमा बढी ध्यान दिइन्छ ?

(ङ) शिक्षक छनोट कार्यमा प्रभाव पार्ने आन्तरिक र बाह्य तत्वहरू कुन कुन हुन् ?

(च) शिक्षक छनोटमा के कस्ता समस्याहरू देखा परेका छन् ?

(छ) शिक्षक छनौटमा देखिएका समस्याहरू समाधानका लागि के कस्ता उपायहरू अपनाइएका छन् ?

## १.५ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्नको लागि निश्चित उद्देश्यहरूको निर्धारण गरिएको हुन्छ । तसर्थ सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रिया सम्बन्धी अध्ययनका उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) सामुदायिक विद्यालयमा शिक्षक छनौटको संयन्त्र पहिचान गर्नु,

(ख) शिक्षक छनौट कार्यमा प्रभाव पार्ने आन्तरिक र बाह्य तत्वहरूको विश्लेषण गर्नु ।

(ग) शिक्षक छनौट कार्यमा देखिएका समस्याहरूको पहिचान गर्नु ।

घ) शिक्षक छनौट कार्यमा देखिएका समस्या समाधानका उपायहरू पहिल्याउनु ।

## १.६ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानको पछाडि आ-आफ्नै किसिमको औचित्य रहेको हुन्छ । औचित्यहीन कार्यको सञ्चालन गर्नुको कुनै अर्थ हुँदैन । यो अध्ययन सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रियामा केद्रित छ । यस अनुसन्धानले निकालेको निष्कर्ष सम्बन्धित विद्यालयका प्र.अ., शिक्षकहरू, वि.व्य.स., जि.शि.का. शिक्षा विभाग लगायतकाअन्य सरोकारवालाहरूलाई समेत उपयोगी हुने ठहर अनुसन्धानकर्ताको छ । यस अध्ययन निम्न पक्षका लागि महत्वपूर्ण हुने अपेक्षा गर्न सकिन्छ ।

क) विद्यालयमा शिक्षक छनोट/नियुक्ति गर्ने निकायलाई थप जानकारी प्रदान गर्न सहयोगी हुनेछ ।

ख) शिक्षा ऐन नियमावलीमा उल्लेखित प्रावधान अनुसार शिक्षक छनौट भए नभएको पत्ता लगाउन सहयोग गर्नेछ ।

ग) शिक्षक छनौट प्रक्रिया, समस्या र समाधानका लागि अपनाइएका उपायहरूबारे सूचना प्राप्त गर्न अध्ययनकर्ता स्वयम्लाई सहयोग पुग्नेछ ।

घ) शिक्षक छनौट कार्यमा प्रभाव पार्ने आन्तरिक र बाह्य तत्वहरू बारे जानकारी प्राप्त गर्ने अध्ययनकर्ता लगायत अन्य सरोकारवालाहरूलाई सहयोगी हुनेछ ।

ङ) शिक्षक छनोटमा देखिएका कमीकमजोरी औंल्याई सुधार गर्न शिक्षक छनोट गर्ने समितिलाई सहयोग पुग्नेछ ।

च) यो अध्ययन शिक्षक व्यवस्थापन भित्रको एक महत्वपूर्ण पक्ष भएकोले शिक्षा क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरू, शिक्षकहरू, शिक्षाविद्हरू, वि.व्य.स., जि.शि.का. लगायत यससँग सम्बन्धि थपअध्ययन गर्न चाहने शोधकर्ताहरूलाई सहयोगी सामग्रीको रूपमा सहयोग गर्नेछ ।

छ) शिक्षक छनोट प्रक्रियालाई अझ प्रभावकारी बनाउनका लागि चाल्न सकिने कदमहरूको बारेमा शिक्षक छनौट समिति/वि.व्य.स. को धारणा बुझ्न अध्ययनकर्तालाई सहयोगी हुनेछ ।

## १.७ अध्ययनको सीमाङ्कन/परिसीमा

कुनै पनि अध्ययनकार्य सञ्चालन गर्नुपूर्व कुन कुन क्षेत्रभित्र रहेर अध्ययन कार्य सञ्चालन गर्ने भन्ने कुराको निश्चित गर्नुपर्ने हुन्छ जसलाई अध्ययनको परिसीमा भनिन्छ। तसर्थ अध्ययन अनुसन्धानको लागि परिसीमा निर्धारणले अध्ययन प्रक्रियालाई मार्गदर्शन गर्दछ । उपलब्ध साधन स्रोत र समयलाई मध्यनजर राख्दै निम्न लिखित सीमाभित्र रहेर सञ्चालन गरिएको थियो ।

क) यस अध्ययन पाल्पा जिल्लामा सीमित रहेर गरिएको थियो ।

ख) यसअध्ययन सामुदायिक विद्यालयमा शिक्षकको छनौट प्रक्रिया सम्बन्धी अध्ययनमा मात्र सीमित रहेको थियो ।

ग) यस अध्ययन पाल्पा जिल्ला वन्दिपोखरा गा.वि.स.मा पर्ने श्री चण्डीका प्रा.वि. चण्डीभञ्ज्याङ् वन्दिपोखरा, वौघापोखराथोक गा.वि.स. मा पर्ने श्री नामीकुवा नि.मा.वि. पोखराथोक, पालुङ्ग मैनादी गा.वि.स.मा पर्ने श्री प्रभात मा.वि. मैनादी र तानसेन नगरपालिका पर्नेश्री लक्ष्मी उ.मा.वि., वन्दिपोखरा पाल्पा बाट १/१ सामुदायिक विद्यालय पर्ने गरी जम्मा ४ वटा विद्यालयमा सिमित गरिएको थियो ।

घ) यस अध्ययनमा परिमाणात्मक र गुणात्मक विधि, विशेष गरी गुणात्मक विधिलाई प्रयोगमा ल्याई प्राप्त सूचनाको व्याख्या र विश्लेषण गरिएको थियो ।

ङ) यस अध्ययन असंरचित खुल्ला अन्तर्वार्ता, लक्षित समूह छलफल, र दस्तावेज अध्ययन जस्ता साधनहरूबाट प्राप्त सूचनामा सिमित रहेको थियो ।

च) यस अध्ययनमा १ वटा प्रा.वि., १ वटा नि.मा.वि., र २ वटा मा.वि.लाई नमूनाको रुपमा लिई प्रत्येक तहमा शिक्षक छनौट प्रकियाको संयन्त्रलाई अध्ययन गरिएको थियो ।

छ) यस अध्ययनमा सामुदायिक विद्यालयमा अस्थायी, राहत, पि.सि.एफ., नीजिस्रोत, करार र बालविकास सहयागी को छनौट प्रक्रियालाई अध्ययन गरिएको थियो ।

ज) यस अध्ययनबाट प्राप्त निष्कर्षलाई अन्य सामुदायिक विद्यालयका शिक्षकहरूमा सामान्यीकरण गर्न सकिने छैन ।

# परिच्छेद- दुई

# सैद्धान्तिक खाँका र सम्बन्धित साहित्यको समिक्षा

सम्बन्धित साहित्यको समीक्षा भन्नाले आफूले अध्ययन गर्न लागिएको विषयवस्तुसँग सम्बन्धित विभिन्न खोज, अनुसन्धान, लेख रचना आदिको अध्ययन हो । कुनै पनि विषयवस्तुको अध्ययन-अनुसन्धान गर्नुभन्दा अगाडि उक्त विषयवस्तुसँग सम्बन्धित साहित्यको अध्ययन मनन गर्नुपर्ने हुन्छ । सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न सम्बिन्धित साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउँछ । यस अध्ययनमा सामुदायिक विद्यालयमा शिक्षक छनौटको प्रक्रिया सम्बन्धी अध्ययन गरिने हुँदा सैद्धान्तिक र विषयगत साहित्यको समीक्षा गरिएको छ ।

## २.१ सैद्धान्तिक खाँका

सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रियाको अवस्थालाई सिद्धान्तसँग सम्बन्धित भएर अध्ययन गर्ने प्रयास गरिएको छ । विद्यालयमा शिक्षक छनौट कार्यमा जिम्मेवार निकायले आफ्नो भूमिका एवम् दायित्वलाई समान र निष्पक्ष तरिकाले निर्वाह गर्न सकोस र छनौट कार्य चुस्त, दुरुस्त र पारदर्शी होस् भन्ने अभिप्रायले यसअन्तर्गत न्यायिक सिद्धान्तको प्रयोग गरि अध्ययन गरिएको छ ।

जे.स्टासी आडम्सद्वारा सन् १९६३ मा प्रतिपादित न्यायिक सिद्धान्त मान्छेको त्यो अभिप्रायसँग सम्बन्धित हुन्छ, सबैलाई समान किसिमको न्यायिक सिद्धान्तको आधारमा निष्पक्ष रूपमा सम्बन्ध राख्ने कार्यहोस् । यसरी सवैमा समता भएको अनुभव भएमा कर्मचारीहरूकार्यप्रति उत्प्रेरित हुन्छन्(के.सी. २०४९ मा उदृत) ।

उपरोक्त सिद्धान्त शिक्षक छनौट प्रक्रियासँग मिलेको छ । शिक्षक छनौट र न्यायिक सिद्धान्त एक अर्कासँग सम्बन्धित छन् । विद्यालयमा शिक्षक छनौट गर्दा पनि न्यायसँगत एवम् निष्पक्ष र पारदर्शी तरिकाबाट गरिएमा सबै शिक्षकहरू आफ्नो पेशाप्रतिको जिम्मेवारी वहन गर्दछन् भन्ने कुरामा जोड दिन्छ। सबै शिक्षकहरूलाई शिक्षण पेशामा छनौट हुने अवसर प्राप्त होस्, छनौट एवम् नियुक्ति प्रक्रियामा समान योग्यता, तालिम प्राप्त र विषय विशिष्टिकरण गरेका शिक्षकहरूलाई अन्याय नहोस्, सबैले आफ्नो योग्यता र दक्षता अनुसार क्षमताको प्रर्दशन गर्न पाऊन । शिक्षकको छनौटमा सबै शिक्षकहरूले समताको महसुस गरी शिक्षण पेशालाई मर्यादित र विशिष्टिकृत बनाई गुणस्तरीय शिक्षा प्रदान गर्न सकुन भन्ने कुरालाई सम्बन्धित गरेर न्यायिक सिद्धान्तलाई जोड दिन खोजिएको छ । शिक्षक छनौट एवम् नियुक्ति पश्यात् पनि उनीहरूले पाउने सेवा सुविधामा पनि समता होस् भन्ने कुरालाई शिक्षक छनोटको जिम्मेवारी लिएको शिक्षक छनौट समिति एवम् वि.व्य.सं ले आफ्नो कर्तव्य र जिम्मेवारीलाई मध्यनजर गर्दै शिक्षक छनौट प्रक्रियाको पारदर्शी र निष्पक्ष तरिकाले मूल्याङ्कन गरी समावेशी तरिकाबाट महिला, दलित, अपाङ्ग, मधेशी, आदिवासी, जनजाति र पिछडिएको क्षेत्र सबैको प्रतिनिधित्व हुनेगरी शिक्षक छनौट गर्नुपर्ने व्यवस्थालाई यस अध्ययनसँग सम्बन्धित गरिएको छ । विद्यालयमा शिक्षक छनौटमा स्थायी, अस्थायी, राहत, पि.सि.एफ आदि पेशागत स्थितिको सट्टा सबैलाई एउटै पेशागत स्थितिमा छनौट गरिएमा मात्र शिक्षक छनौट गर्ने निकायले न्यायिक सिद्धान्तलाई अनुसरण गरेको भन्न सकिन्छ र विद्यालयमा शिक्षण सिकाइ कार्य प्रभावकारी भई शिक्षण सस्थाको उद्देश्य पूरा हुने कुरामा विश्वास गर्न सकिन्छ ।

## २.२ सम्बन्धित साहित्यको समीक्षा

सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रियाको अध्ययन गर्ने क्रममा यससँग सम्बन्धित विभिन्न विषयवस्तुको अध्ययन गर्ने जमर्को गरिएको छ जुन निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.२.१ शिक्षा आयोगका प्रतिवेदनहरूमा भएको व्यवस्था

रा.शि.आ. २०११ ले तालिमप्राप्त शिक्षकलाई भर्ती गर्न शिक्षण तालिम संस्थाको उत्तरदायित्व रहेको, शिक्षकलाई प्रारम्भिक पदमा नियुक्ति गर्दा शिक्षा विभागको राय लिनुपर्ने, शिक्षकको योग्यतालाई सुहाउँदो पदमा नियुक्ति गर्नेपर्ने वा प्रमाणपत्र पाएका शिक्षकहरूको योग्यता र स्वार्थको विचार गरी नियुक्ति गर्न सकिने कुरा उल्लेख गरेको छ ।स.रा.शि.स. २०१८ ले शिक्षक नियुक्तिको लागि उम्मेदवार छनोट गर्दा सरकारले न्यूनतम शैक्षिक योग्यताका अतिरिक्त कुनै पनि विद्यालयमा शिक्षक भई न्यूनतम २ वर्ष सम्म काम गरिसकेका व्यक्तिलाई मात्र नियुक्ति गर्नका लागि प्राथमिकता दिने, शिक्षकअप्राप्त भएको अवस्थामा माध्यमिक शिक्षा पुरा गरेका विद्यार्थीहरूको हकमा २ वर्षसम्म उनीहरूले शिक्षण कार्य गर्नुपर्ने अनिवार्य व्यवस्थाका साथै मा.वि. शिक्षक हुन वि.एड. अनिवार्य हुनपर्ने व्यवस्था गरेको छ । रा.शि.प.यो. २०२८ ले, शिक्षण पेशाका लागि विशिष्ट योग्यता (आइ.एड. वि.एड.) इत्यादीको थप आवश्यकता महसुस गरी विभिन्न किसिमका तालिमको व्यवस्था समेत गरिएको साथै शिक्षकलाई अन्य कर्मचारी सरह सेवा सुविधा सुनिश्चित गरेको छ ।रा.शि.आ. २०४९ ले, शिक्षकहरूको नियुक्तिलाई व्यवस्थित गरिनुपर्ने, अस्थायी रूपमा शिक्षक भर्ना गर्ने प्रथा हटाइनुपर्ने, शिक्षकहरूको लागि नियमित रूपमा सेवा प्रवेश तथा सेवाकालीन तालिमको व्यवस्था गरिनुपर्ने इत्यादी सुझाव दिएको छ । उ.रा.शि.आ. २०५५ ले शिक्षण पेशामा सक्षम व्यक्तिहरूको छनौटलाई सुनिश्चित गर्न अध्यापन अनुमतिपत्र लागु गरी त्यस्तो अधिकार प्राप्त व्यक्तिहरू मध्येबाट मात्र प्रतिस्पर्धा गराई राष्ट्रिय शिक्षक सेवा आयोगले शिक्षक नियुक्ति गर्नुपर्ने व्यवस्था गरेको साथै प्र.अ.को भूमिकालाई प्रभावकारी बनाउने उपायहरूको सम्बन्धमा उक्त प्रतिवेदनले प्राथमिक तहमा निम्नमाध्यमिकको, निम्नमाध्यमिक तहमा माध्यमिकको, माध्यमिक तहमा उच्च माध्यमिक तहको योग्यता भएको शिक्षकलाई प्र.अ. बनाइनु पर्ने र तलवमानमा २५ प्रतिशत रकम प्र.अ. भत्ताको व्यवस्था गर्नुपर्ने, प्र.अ.को काम, कर्तव्य र अधिकार ऐनद्वारा नै व्यवस्थित गरिनुपर्ने सुझावहरू प्रस्तुत गरेको । प्रत्येक प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा कम्तीमा एकजना महिला शिक्षिकाको व्यवस्था गर्नुपर्ने र क्रमशः माथिल्लो तहमा महिला शिक्षिका नियुक्ति गर्नुपर्ने सुझाव दिएको छ ।उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन २०५८ ले, शिक्षण लाइसेन्स प्रणाली लागू गरी लाइसेन्स नभएका शिक्षकलाई कुनै प्रकारको विषयको शिक्षण सेवामा प्रवेश नगराइने यसको लागि राष्ट्रिय शिक्षक सेवा आयोगलाई शिक्षण लाइसेन्स संस्थाको रूपमा विकास गरिने, सबै प्रकारका विद्यालयहरूमा लाइसेन्सप्राप्त शिक्षक मध्येबाटै प्रतिस्पर्धा गराई विद्यालय व्यवस्थापन समितिले शिक्षक छनौट एवम् नियुक्ति गर्ने हाल कार्यरत स्थायी शिक्षकहरूको सम्बन्धमा ५ वर्ष सम्ममा स्थायी लाइसेन्स लिइसक्नुपर्ने सर्तमा अस्थायी लाइसेन्स प्राप्त गर्ने ।

### २.२.२ शिक्षा ऐन नियमावलीमा भएको व्यवस्था

सामुदायिक विद्यालयका शिक्षकहरूको नियुक्ति र बढुवा गर्नका लागि सिफारिस गर्न शिक्षा ऐन २०२८ ले राष्ट्रिय शिक्षक सेवा आयोगको व्यवस्था गरेको छ, साथै विद्यालय व्यवस्थापनको जिम्मा स्थानीय निकाय वा वि.व्य.स. लाई दिन सक्ने प्रावधान रहेको छ ।सामुदायिक शिक्षकको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा एक शिक्षक छनोट समिति रहने । शिक्षक छनौट समितिको संयोजकत्वमा वि.व्य.स.ले तोकेका सो समितिको अध्यक्ष वा सदस्य, सदस्यमा सम्बन्धित विद्यालय हेर्ने विद्यालय निरीक्षक वा स्रोत व्यक्ति र सदस्य सचिवमा सम्बन्धित विद्यालयको प्र.अ. रहने व्यवस्था रहेको छ ।शिक्षा नियमावली पहिलो संशोधन २०६० मा प्रधानाध्यापक पदमा नियुक्तिका लागि अन्य कुराका अतिरिक्त जुन तहको विद्यालयको प्र.अ. हुने हो सोही तहमा कार्यरत स्थायी शिक्षक हुनुपर्ने व्यवस्था गरिएको छ ।नेपाल सरकारबाट स्वीकृत दरवन्दीको रिक्त शिक्षक पदमा स्थायी उम्मेदवार सिफारिस भै नआएसम्म बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्ति गर्दा विद्यालय व्यवस्थापन समितिले त्यस्तो दरवन्दी रिक्त भएको व्यहोरा जिल्ला शिक्षा कार्यालयवाट प्रमाणित गराउनुपर्ने र माध्यमिक र निम्नमाध्यमिक तहको हकमा विषय मिलेमा मात्र त्यस्तो अस्थायी नियुक्ति गर्न पाउने व्यवस्था गरिएको छ । (नियम ९७ को उपनियम (१) मा थप गरिएको प्रतिबन्धात्मक वाक्यांश) यसरी बढीमा ६ महिनाको लागि अस्थायी शिक्षक नियुक्ति गरेको जानकारी विद्यालयले जिल्ला शिक्षा कार्यालयलाई दिनुपर्ने र त्यस्तो रिक्त शिक्षक पद स्थायीद्वारा पूर्ति नभएसम्म विद्यालय व्यवस्थापन समितिले नै बढीमा ६ महिनाको दरले म्याद थपको जानकारी समेत जिल्ला शिक्षा कार्यालयलाई दिइरहनुपर्ने र नियमद्वारा तोकिएको प्रकिया नपुऱ्याई अस्थायी नियुक्ति गरेमा जिल्ला शिक्षा अधिकारीले सो नियुक्ति बदर गर्न सक्ने समेत व्यवस्था गरिएको छ । (नियम ९७ अर्न्तगत थप गरिएको उपनियम (४),(५),र( ६)शिक्षा नियमावली छैटौं संशोधन २०६७ ले साविकमा रहेको अस्थायी नियुक्ति सम्बन्धी व्यवस्था हटाई स्थायी पदपुर्ति नभएसम्मका लागि एकपटकमा ६ महिनामा नवढाई सम्वत् २०७० साल चैत्र मसान्तसम्म म्याद थप गर्न सकिने व्यवस्था गरेको साथै नेपाल सरकारले उपलब्ध गराएको अनुदान र विद्यालयको आन्तरिक स्रोतका आधारमा व्यवस्थापन समितिले कर्मचारी नियुक्ति गर्ने एवम् यो नियम प्रारम्भ हुनुअघि नियुक्त भई कार्यरत कर्मचारीलाई समायोजन गर्ने व्यवस्था गरेको छ ।

### २.२.३ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ मा भएको नीतिगत व्यवस्था

विद्यालय तहको शिक्षाका लागि शिक्षक अनिवार्य रूपमा तालिम प्राप्त हुनुपर्नेछ । आधारभूत तहमा शिक्षण गर्ने शिक्षकका लागि न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्र तह वा सो सरहको हुनेछ । माध्यमिक तहको शिक्षकको लागि न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर तह वा सोसरह हुनेछ । योग्यता अभिवृद्धि गरिनेछ । शिक्षक तालिमलाई व्यवहारिक बनाइनेछ । शिक्षण अध्यापन अनुमतिपत्रको व्यवस्थालाई गुणस्तरीय बनाई अनिवार्य गरिनेछ । निश्चित मापदण्डका आधारमा तहगत प्रधानाध्यापकको व्यवस्था गरी शैक्षिक नेतृत्व लिनसक्ने गरी सुदृढ गरिनेछ ।

### २.२.४ विद्यालय क्षेत्र सुधार योजना (२०६७-२०७२) मा भएका नीति तथा कार्यक्रमहरु


शिक्षक छनौट र भर्ना प्रक्रियालाई स्थानीय तहमा विकेन्द्रित गरिनेछ । यसो गर्दा महिला, दलित र अन्य सुविधाविहिनलाई प्राथमिकता दिने । शिक्षा मन्त्रालयको निर्देशन अनुसार अध्यापन अनुमतिपत्र लिएका व्यक्तिहरू छनौट गरिनेछ । अध्यापन अनुमतिपत्रको अभ्यासलाई अझ सुदृढ गरिनेछ ।विद्यमान ऐन नियमानुसार समुदायले व्यवस्थापनको जिम्मा लिएका विद्यालयमा विद्यालय व्यवस्थापन समितिले नै

शिक्षक छनौट गर्ने कार्य निरन्तर हुनेछ । अन्य सबै सामुदायिक विद्यालयको शिक्षक व्यवस्थापन गर्ने कार्यमा विद्यालय व्यवस्थापन समितिको मुख्य भूमिका हुनेछ । खाली दरवन्दी पूर्ति गर्नुपर्दा महिला, दलित तथा अन्य पिछडिएका समूहलाई प्राथमिकता दिइनेछ । आधारभूत तहको लागि शैक्षिक योग्यता उच्चमाध्यमिक तह वा सो सरहको शिक्षा र सम्बन्धित शिक्षक तयारी कोर्ष पूरा गरेको ।माध्यमिक तहका लागि शिक्षक योग्यता स्नाकोत्तर तह र सम्बन्धित शिक्षक तयारी कोर्ष पूरा गरेको । तर स्नातक भई शिक्षक तयारी कोर्ष पूरा भएकालाई कक्षा ९-१० मा पढाउन योग्य मानिनेछ । साथै थप शैक्षिक योग्यता भएकालाई वढुवामा विशेष प्राथमिकता दिइनेछ ।शिक्षक छनौट र भर्ना गर्न केन्द्रबाट तयार भएको शिक्षक व्यवस्थापन निर्देशिकाको प्रयोग गरिने । केन्द्रबाट जारी निर्देशिका अनुसार अध्यापन अनुमतिपत्र प्राप्त उम्मेदवारहरू मध्येबाट प्रतिस्पर्धा गराई पारदर्शी प्रक्रियाबाट शिक्षक छनौट/भर्ना गरिनेछ । शिक्षक छनौट/भर्ना प्रणालीका विकल्पहरूः छनौट र भर्ना विद्यालय व्यवस्थापन समितिले गर्ने, स्थानीय तहको स्वतन्त्र निकायले छनौट गर्ने र स्थानीय सरकार वा विद्यालय व्यवस्थापन समितिले भर्ना गर्ने, शिक्षक छनौट लागि राष्ट्रिय क्षेत्रीय र जिल्ला तहमा शिक्षक छनौट आयोगको व्यवस्था गर्ने, वर्तमान शिक्षक सेवा आयोगबाट क्षेत्रीय तहका निकायमार्फत अध्ययन अनुमतिपत्र प्रदान गर्ने ।आधारभूत तहको सबै उच्च प्राथमिक विद्यालयका प्र.अ.का लागि एउटा छुट्टै पद हुनेछ । आधारभूत तहको प्र.अ. हुनका लागि न्युनतम शैक्षिक योग्यता शिक्षाशास्त्र संकायमा स्नातक तह वा सोसरहको शिक्षण तयारीको कोर्ष पुरा गरेको हुनेछ । विद्यालयको प्र.अ. हुनका लागि प्र.अ.का लागि सञ्चालन हुने व्यवस्थापन तालिम अनिवार्य रूपमा लिएको हुनुपर्नेछ । कार्यरत शिक्षकहरूमध्येबाट प्र.अ. छानिने छन् । प्रधानाध्यापक छनौटमा महिला, दलित, अन्य पिछडिएको समुदायका शिक्षकलाई प्राथमिकता दिइनेछ । उच्च प्राथमिक विद्यालयमा प्र.अ.को नियुक्तिका लागि स्थानिय तहमा स्थानीय विशेषज्ञ र सरोकारवालाहरू समेत रहेको एउटा स्वतन्त्र प्रधानाध्यापक भर्ना समिति गठन गर्न सकिनेछ । वि.व्य.स.ले छनौट गरेका प्रधानाध्यापकलाई निश्चित अवधिका लागि सेवा करार गर्नेछ । विद्यालयको प्र.अ. हुन चाहने उम्मेदवारले विद्यालयको विकासका लागि प्रस्ताव तयार गर्नुपर्नेछ, जुन प्रस्तावको मूल्याङ्कन प्र.अ. छनौटको प्रमुख आधार हुनेछ । प्र.अ.को कार्यअवधि ४ वर्षको सेवा करार हुनेछ । विद्यालय विकासका लागि निर्माण गरिएको प्रस्तावको आधारमा प्र.अ.को कार्यदक्षताको वार्षिक लेखाजोखा विद्यालय व्यवस्थापनसमितिले गर्नेछ । विद्यालय व्यवस्थापन समितिले प्र.अ.को कार्यदक्षताको आधारमा करार अवधि थप्न सक्नेछ ।

माथि प्रस्तुत गरिएका साहित्यको अध्ययन गर्दा शिक्षण पेशामा शिक्षक छनौट प्रक्रिया साहित्यमा उल्लेखित प्रावधान एवम् व्यवस्था अनुसार गर्न सकेमा योग्य, अनुभवी, तालिमप्राप्त, अध्यापन अनुमतिपत्र प्राप्त व्यक्तिहरूको छनौट हुने सम्भावना हुन्छ जसले गर्दा विद्यालयको शिक्षा गुणस्तरीय र प्रभावकारी हुने कुरा स्पष्ट हुन्छ । जवसम्म शिक्षक छनोट प्रक्रिया निष्पक्ष र पारदर्शी हुन सक्दैन तवसम्म शिक्षाको उद्देश्य पूरा हुँदैन । त्यसैले विद्यालयमा शिक्षक छनौट प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन र यसमा देखिएका समस्यालाई समाधान गर्ने उपायहरू सुल्झाउनको लागि यस अध्ययनको शीर्षक अन्तर्गत रहेर खोज गर्न लागिएको हो ।

## २.३ अवधारणात्मक ढाँचा

कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन त्यस अध्ययनसँग सम्बन्धित विषयवस्तुलाई समेटेर चित्रात्मक रूपमा प्रस्तुत गरेमा त्यसको खाँका बन्न जान्छ र त्यसबाट अध्ययनको अवधारणा प्रस्ट हुन जान्छ । तसर्थ सामुदायिक विद्यालयमा शिक्षक छनोट प्रक्रियाको अवधारणात्मक ढाँचा निम्नानुसार निर्माण गर्न सकिन्छ ।




यसरी सामुदायिक विद्यालयमा प्र.अ./शिक्षक छनौट गर्दा शिक्षा नियमावलीमा उल्लेखित प्रावधानका साथसाथै तालिम, शैक्षिक योग्यता, विषय विशिष्टिकरण, शिक्षण अनुभव, अध्यापन अनुमति पत्र जस्ता आधारहरुलाई मुख्य प्राथमिकता दिनुपर्दछ भने शिक्षक छनौट प्रक्रिपयामा प्रभाव पार्ने आन्तरिक र बाह्य तत्वलाई ध्यान दिदै आइपरेका समस्या पहिचान गरी समयमै समाधानका उपायहरु अपनाउन सकेमा शिक्षक छनौट प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरालाई माथिको ढांचाले प्रष्ट पार्दछ ।

# परिच्छेद- तीन

# अध्ययन विधि

सामान्यतया विधि भन्नाले कुनै पनि विषयवस्तुको अध्ययन गर्ने क्रममा त्यस अध्ययन भित्र गरिने सम्पूर्ण व्यवस्थित क्रियाकलाप वा प्रक्रिया नै विधि हो । जसले अध्ययनका लागि उपयुक्त लक्ष्य हासिल गर्न मार्गदर्शन गर्दछ । कुनै पनि अध्ययनलाई सम्पन्न गर्नका निमित पूर्व निर्धारित विधि एवं प्रक्रियाहरुको अवलम्बन गर्नुपर्दछ । त्यसले अनुसन्धानलाई कसरी अगाडी बढाउने भन्ने कुरा अनुसन्धान विधिले प्रष्ट पार्दछ । अनुसन्धान गर्दा निश्चित विधि अपनाएर कार्य गरेमा जटिल कार्य पनि सरल र सहज हुन जान्छ । कुनै पनि सत्य तथ्य यथार्थ प्राप्त गर्न ज्ञानको खोजी र पहिचान गरी समस्या समाधानको उचित तरिका अपनाउन गरिने खोजलाई अनुसन्धान भनिन्छ । सकेसम्म अनुसन्धान नियन्त्रित, व्यवस्थित, वैद्य, अनुभवसिद्ध, प्रमाणीकरण योग्य र यथार्थपरक हुनु पर्दछ । अनुसन्धानलाई तीन भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । यस अध्ययनमा पूर्ण रूपमा परिमाणात्मक र गुणात्मक विधिको प्रयोग गरिएको छ । अध्ययनबाट प्राप्त परिमाणात्मक तथ्याङ्कलाई विशेष गरी गुणात्मक विधिमा रही शाब्दिक रूपमा व्याख्यात्मक प्रक्रियाबाट विश्लेषण गरिएको छ । त्यसकारण यो अध्ययन विशेषतः गुणात्मक अनुसन्धानमा आधारित रहेको छ ।

## ३.१ अनुसन्धान ढाँचा

अध्ययन अनुसन्धानको लागि तयार पारिएको वृहत योजना तथा कार्यनीतिलाई नै अनुसन्धानात्मक ढाँचा भनिन्छ । यो अध्ययन वर्णनात्मक ढाँचामा आधारित अनुसन्धान रहेको छ । यो अध्ययन पाल्पा जिल्लाका ४ वटा गा.वि.स./ न.पा. अन्तर्गतका सामुदायिक विद्यालयमा गरिएको छ भने यसले गुणात्मक विधिलाई प्रयोगमा ल्याएको छ । यस अध्ययनमा प्रमुख रूपमा गुणात्मक विधि अन्तर्गत खुल्ला असंरचित अन्तर्वाता, लक्षित समूह छलफल, दस्तावेज अध्ययन साधनलाई प्रयोगमा ल्याइ सुचना संकलन गरिएको छ । अध्ययनका क्रममा प्राप्त सुचनालाई गुणात्मक रुपमा विश्लेषण र व्याख्या गरी उद्देश्य अनुसार क्रमिक रुपमा राखिएको छ । यस अध्ययनका क्रममा प्र.अ./शिक्षकसँग अर्न्तवार्ता, वि. व्य.स.का सदस्यहरुसँग लक्षित समूह छलफल स्रोतहरुबाट सुचना सङ्कलन गरिएको छ ।

## ३.२ जनसंख्या तथा नमूना छनोट

कुनै पनि अध्ययन अनुसन्धानको लागि छनोट गरिएको विषय वा क्षेत्रसँग सम्बनिधत सम्पूर्ण व्यक्ति, वस्तु वा पदार्थलाई जनसंख्या भनिन्छ । अध्ययनसँग सम्बन्धित सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्ने जनसंख्याको सानो समूहलाई नमूना जनसंख्या भनिन्छ । अध्ययन अनुसन्धानको लागि उपलब्ध समय, स्रोत, साधन आदिको सीमित दायरामा रहेर सम्पूर्ण जनसंख्यामा अध्ययन गर्न असम्भव हुने हुँदा जनसंख्याको छनोट गरी उक्त नमूनामा गरिएको अध्ययनलाई सम्पूर्ण जनसंख्यामा सामान्यिकरण गर्न

सकिन्छ । यस अध्ययनका लागी पाल्पा जिल्ला अर्न्तगतका चारवटा विद्यालयलाई सुविधाजनक नमुना छनोट विधिद्वारा छनोट गरिएको थियो । तसर्थ यस शोध कार्यका लागि उपलब्ध समय स्रोत साधनको सिमाभित्र रही निम्न अनुसार नमूनाको छनोट गरी शोधपत्र पूरा गरिएको छ ।

### ३.२.१ विद्यालय छनोट

अनुसन्धानकर्तालें जुन नमूना छनौट गरी अध्ययन गर्न सजिलो ठान्छ तिनै नमूनाहरू छनोट गर्दछ भने त्यस्तो विधिलाई सुविधाजनक नमूना छनौट भनिन्छ । यस अध्ययनका लागि पाल्पा जिल्ला वन्दिपोखरा गा.वि.स. मा पर्ने श्री चण्डिका प्रा.वि. चण्डीभञ्ज्याङ वन्दिपोखरा, वौघापोखराथोक गा.वि.स.मा पर्ने श्री नामीकुवा नि.मा.वि. पोखराथोक, पालुङ्ग मैनादी गा.वि.स.मा पर्ने श्री प्रभात मा.वि. मैनादी र तानसेन नगरपालिकामा पर्ने लक्ष्मी उ.मा.वि. वन्दिपोखरा, तानसेन पाल्पा बाट १/१ वटा गरी जम्मा ४ वटा सामुदायिक विद्यालयमा अध्ययनकर्तालाई पायक पर्ने एव्म आफू त्यहाँको स्थानीय बासिन्दा भएको हुनाले र आधिकारिक सूचना प्राप्त गर्न सकिने भएकोले सुविधाजनक नमूना छनौट विधिद्वारा उक्त विद्यालयलाई छनौट गरिएको थियो ।

### ३.२.२ प्र.अ.को छनोट

छनौटमा परेका ४ वटा विद्यालयका १/१ जना प्र.अ.हरूलाई उत्तरदाताका रूपमा स्वत : छनौट गरिएको थियो। ।

### ३.२.३ शिक्षकको छनौट

यस अध्ययनका लागि नमूना छनौटमा परेका ४ वटा विद्यालयको प्रा.वि., नि.मा.वि. र मा.वि. तहमा शिक्षण गर्ने ३/३ जना शिक्षकहरूलाई सम्भावनारहित नमूना छनोट अर्न्तगतको उद्देश्यमूलक नमूना छनोट विधिबाट छनोट गरिएको थियो । किनभने सबै तहमा शिक्षक संख्या बढी हुने र सबै शिक्षकहरूबाट अन्तर्वार्ता लिन असम्भव भएकाले यी छनोटमा परेका शिक्षकहरूबाट आवश्यक सूचना प्राप्त हुने भएकाले ४ वटा विद्यालयका ३/३ जना प्रतिनिधि शिक्षक पर्ने गरी जम्मा १२ जना शिक्षकलाई नमूनाको रूपमा छनौट गरिएको थियो ।

### ३.२.४ वि.व्य.स.का सदस्यहरूको छनोट

यस अध्ययनका लागि नमूना छनोटमा परेका चारवटा समुदायिक विद्यालयकावि.व्य.स. कासदस्यहरूलाई छुट्टाछुट्टै लक्षित समूह छलफल सञ्चालन गरी आवश्यक सूचना सङ्कलन गर्न उद्देश्यमूलक नमूना विधिद्वारा सम्पूर्ण वि.व्य.स.का सदस्यहरुलाईछनोट गरिएको थियो ।

## ३.३ सूचना सङ्कलनका साधनहरू

यस अध्ययनलाई अर्थपूर्ण र उद्देश्यमूलक बनाउनका लागि सूचना सङ्कलन साधनहरूको निर्माण गर्नुपर्ने हुन्छ । तथ्याङ्क संकलनको निमित्त प्रयोग गर्ने सामग्री तथा औजारलाई सूचना संकलनका साधन भनिन्छ । यस अध्ययनको लागि निम्न अनुसारका सूचना सङ्कलन साधनहरूको प्रयोग गरी सुचना संकलन गरिएको थियो ।

### ३.३.१.अर्न्तवार्ता सूची

दुई वा दुईभन्दा बढी व्यक्तिहरू आमने सामने वसेर निश्चित उद्देश्य र प्रश्नहरूमा केन्द्रित भई दोहोरो वार्तालाप गरी सूचनाहरू सङ्कलन गरिने प्रक्रियालाई अर्न्तवार्ता भनिन्छ । अर्न्तवार्तालाई मुख्य रूपमा संरचित अर्न्तवार्ता र असंरचित अर्न्तवार्ता गरी २ भागमा विभाजन गर्न सकिन्छ । असंरचित अर्न्तवार्ता भन्नुको अर्थ गुणात्मक अर्न्तवार्ता हो र यस विधिमा सम्पूर्ण अर्न्तवार्ता कार्य पूर्वनिर्धारित र नियन्त्रित हुँदैन । गुणात्मक अनुसन्धानमा गहन सूचनाहरूको संकलन गर्न असंरचित विधिको उपयोग गरिने कारण यसलाई गहन अन्तर्वार्ता पनि भनिन्छ । यस अध्ययनका लागि असंरचित अर्न्तवार्ताको प्रयोग गरिएको थियो । यस अध्ययनका लागि छनौटमा परेका प्र.अ. र शिक्षकहरूलाई छुट्टाछुट्टै राखी अर्न्तवार्ता लिइएको थियो ।

### ३.३.२ लक्षित समूह छलफल निर्देशिका

लक्षित समूह छलफल भन्नाले व्यवस्थित, योजनाबद्ध तथा सचेत तरिकाबाट सहभागीहरू बीच अर्न्तक्रिया गराई उनीहरूको विचार र धारणाको आधारमा कुनै विषयवस्तु र अनुसन्धानका बारेमा अर्न्तदृष्टि प्राप्त गर्ने विधि हो । सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रिया, शिक्षक छनौट कार्यमा प्रभाव पार्ने आन्तरिक र वाह्य तत्वहरू, शिक्षक छनौटमा देखापरेका समस्या र समाधानका लागि अपनाइएका उपायहरूको बारेमा धारणा बुझ्नको लागि चारवटा विद्यालयका वि.व्य.स.का सदस्यहरूलाई छुट्टाछुट्टै लक्षित समूह छलफल गराउने उद्देश्यले लक्षित समूह छलफल निर्देशिका निर्माण गरिएको थियो । यसमा छलफल सम्बन्धी मुख्य मुद्दाहरूलाई टिपोट गरिएको थियो ।

### ३.३.३ दस्तावेज अध्ययन

शैक्षिक अनुसन्धानको क्षेत्रमा दस्तावेज अध्ययनलाई पनि प्रभाकारी सूचना सङ्कलनको रुपमा उपयोग गरिन्छ । यस अध्ययनमा छनोटमा परेका ४ वटा सामुदायिक विद्यालयको प्रत्येक तहमा अध्यापन गराउने शिक्षकहरुको शैक्षिक योग्यता, तालिम, विषय विशिष्टिकरण, सेवाको प्रकार, सम्बन्धित जानकारी प्राप्त गर्ने उद्देश्यले विद्यालयमा रहेको सिटरोल फारमलाई दस्तावेजको रुपमा अध्ययन गरिएको थियो ।

### ३.४ साधनको वैधता निर्धारण

साधनको वैधता भन्नाले अध्ययनका क्रममा सूचना सङ्कलन गर्न प्रयोग गरिएका साधनहरूले अध्ययनको उद्देश्यलाई कुन हदसम्म पूरा गर्न सक्छ ती साधनले अध्ययनको सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व हुने गरी सूचना सङ्कलन गर्न सक्छ व सक्दैन भन्ने कुराको निश्चिततालाई बुझाउँछ । यस अध्ययनको साधनमा वैधता कायम गर्न साधनको निर्माणको चरणबाट नै विशेष ध्यान पुऱ्याइएको थियो । यस अध्ययनमा प्रयोग गरिने अन्तर्वार्ता अनुसूची, लक्षित समूह छलफल निर्देशिका, तयार गर्नु अघि सैद्धान्तिक र व्यवहारिक पक्षका बारेमा व्यापक, रूपमा अ्ध्ययन गरिएको थियो । निर्माण गरिएका साधनहरूलाई पटक पटक शोधनिर्देशक एवम् अन्य सहयोगी प्राध्यापकहरूलाई देखाई परिमार्जन गरी सल्लाह र सुझाव अनुसार साधनलाई अन्तिम रूप दिइएको थियो ।

## ३.५ सूचना सङ्कलन प्रक्रिया

सूचना सङ्कलनका लागि निर्माण गरिएका प्राथमिक साधनहरू प्र.अ. ⁄ शिक्षक असंरचित खुल्ला अन्तर्वाता फारम, वि.व्य.स. लक्षित समूह छलफल निर्देशिकाको प्रयोग गर्दै सम्बन्धित सामुदायिक विद्यालयमा पुगेर प्र.अ., शिक्षक ⁄ शिक्षिकाहरू, वि.व्य.स. का सदस्यहरूसँग भेटघाट गरी अध्ययनको उद्देश्य स्पष्ट पारी अध्ययन गर्ने अनुमति र सहयोग लिई आवश्यकता अनुसारका सूचनाहरू सङ्कलन गरिएको थियो । द्वितीय तथ्याङ्कको स्रोतको रूपमा विद्यालयमा रहेका शिक्षकको सिटरोल फारम ⁄ दस्तावेजबाट सूचनाहरू सङ्कलन गरिएको थियो ।

## ३.६ सूचनाको विश्लेषण प्रक्रिया

गुणात्मक विश्लेषणको एक मात्र उद्देश्य संकलित गरिएका सूचनाहरूबाट सारतत्व निकालेर त्यसलाई संचारयोग्य बनाउनु हो । यस अध्ययनमा खुला अन्तर्वार्ता, लक्षित समूह छलफल, एवम् दस्तावेज अध्ययनबाट प्राप्त गरिएका सूचनाहरूलाई आवश्यकता अनुसार वर्गीकरण एवम् तालिकीकरण गरिएको थियो । तालिकीकरण गरिएका सूचनाको तुलनात्मक अध्ययन गरी वर्णनात्मक र तार्किक विधिबाट विश्लेषण गरी प्रस्तुत गरिएको थियो । एउटा स्रोतबाट प्राप्त सूचनालाई अन्य स्रोतबाट प्राप्त सूचनासँग Triangulationगरी निष्कर्षमा पुगिएको थियो ।

## ३.७ नैतिकताका मापदण्डहरुः

यस अध्ययनका क्रममा तथ्याङ्कको सङ्कलन कार्यदेखि तथ्याङ्कको विश्लेषण,व्याख्या र निष्कर्ष निकाल्दा समेत नैतिक पक्षलाई विशेष ध्यान दिइएको थियो । सूचनादाताको गोपनीयतालाई ध्यान दिदै उनीहरुको नाम र उनीहरुले वोलेका कुराहरु कुन व्यक्तिले के भनेको वा के गरेको थियो भनी व्यक्ति किटान गरिएको छैन । उनीहरुको प्रतिष्ठा, आत्मसम्मान,मुल्यमान्यता र विश्वासमा असर पुग्ने खालका प्रश्नहरु,व्यवहारहरु वा कुनै कार्य गरिएको थिएन । उत्तरदातालाई कुनै प्रकारको दवाव, डर वा प्रलोभन नदेखाई स्वतन्त्र रुपमा उनीहरुको विचारको अभिव्यक्ति गर्ने मौका प्रदान गरिएको थियो । प्राप्त सूचनालाई कतै नमोडिकन कुनै व्यक्ति वा संस्थाप्रति पूर्वाग्रह नराखी यथार्थ रुपमा प्रस्तुत गरी त्यसको विश्लेषण र व्याख्या गरिएको थियो ।

## परिच्छेद- चार

## तथ्याङ्कको, प्रस्तुती, विश्लेषण र व्याख्याः

अनुसन्धान कार्यका लागि सम्वन्धित सूचनाहरुलाई संगठित गर्ने, निश्चित क्रममा मिलाउने, व्यवस्थित गर्ने तथा सूचनाहरुले दिएको अर्थको व्याख्या गर्ने कार्यलाई तथ्यांङ्को विश्लेषण रव्याख्या भनिन्छ ।यो अध्ययन सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रकृयासँग सम्वन्धित छ । यस अध्ययनमा विभिन्न स्रोत र तरिकावाट संकलन गरिएका सूचनाहरुको प्रस्तुति, विश्लेषण र व्याख्या गुणात्मक एवम् परिमाणात्मक विधिवाट गरिएको छ, विशेष गरी गुणात्मक विधिवाट गरिएको छ । यस अध्ययनमा अन्तरवार्ता, लक्षित समूह छलफल, र दस्तावेज अध्ययनको माध्यमवाट प्राप्त गुणात्मक एवम् परिमाणात्मक सूचनाहरुलाई तिनीहरुको विषय, प्रकृति र क्षेत्र अनुसार वर्गीकरण गरी प्रत्येक वर्गका सूचनाहरुको व्याख्यात्मक तथा परिमाणात्मक विधिवाट विश्लेषण गरिएको छ । परिमाणात्मक सूचनाहरुलाई तालिकीकरण गरी औसतमा प्रतिशतमा पनि प्रस्तुत गरिएको छ ।

### ४.१ शिक्षक छनौट प्रकिया र संयन्त्र :

सामुदायिक विद्यालयमा शिक्षक छनौट के कसरी गरिदै आएको रहेछ र यसको संयन्त्र के रहेछ भन्ने कुरावारे यथार्थ जानाकारी प्राप्त गर्ने उद्देश्यका साथ यस अध्ययन कार्यलाई अगाडि वढाइएको छ । सामुदायिक विद्यालयको प्रत्येक तहमा के कस्ता प्रकृतिका शिक्षकहरु कस्तो माध्यम/संयन्त्र अपनाएर कुन प्रक्रियावाट छनौट गरिदै आएको रहेछ भन्ने कुरालाई तल प्रष्ट्याउन खोजिएको छ ।

### ४.१.१ प्राथमिक तहमा शिक्षक छनौट प्रकिया र संयन्त्रः

अध्ययनका क्रममा छनौटमा परेको विद्यालय श्री चण्डीका प्राथमिक विद्यालय चण्डिभञ्ज्याङ पाल्पाको शिक्षक छनौट प्रकिया र संयन्त्रलाई विश्लेषण र व्याख्या गर्दा उक्त विद्यालयमा योग्यता पुगेका सोही तहमा अध्यापन गराउने स्थायी शिक्षक र ज्येष्ठता र ईमान्दारिताको आधारमा विद्यालय व्यवस्थापन समिति र अभिभावक वर्गको सर्वसहमतिद्धारा प्र.अ.छनौट गरिने र आफू स्वयं पनि सोही अनुरुप नै उक्त विद्यालयमा अन्य प्रस्तिपर्धा गर्ने शिक्षक कोहीनभएको हुनाले प्र. अ. मा छनौट हुनु भएको कुरा उक्त विद्यालयका प्र.अ. बताउनु हुन्छ ।प्र.अ. को रिक्त पदमा पदपुर्ति गर्नु पर्दा शिक्षा नियमावलीमा भएको प्र.अ. छनौटका आधारहरुलाई निश्चित अंक प्रदान गरेर सोहि तहमा अध्यापन गराउने स्थायी शिक्षकहरु मध्येवाट विद्यालय विकास सम्वन्धि प्रस्ताव तयार पार्ने शिक्षकलाई प्र.अ.मा छनौट गर्नु पर्ने व्यवस्था शिक्षा नियमावलीमा भएतापनि सोही अनुरुप पाइएन त्यस्तै गरी शिक्षक छनौट गर्दा विद्यालय व्यवस्थापन समिति र अभिभावकको सर्वसहमतिद्धरा नै शिक्षक छनौट गरिदै आएको कुरा उक्त विद्यालयका प्र.अ., शिक्षक प्रतिनिधि, वि व्य. स. बताउनुहुन्छ । रिक्त रहेको शिक्षक पदपुर्ति गर्नुपर्दा विज्ञापन खुलाई सूचना टाँस गरी खुला प्रतिस्पर्धाको आधारमा गर्नुपर्ने व्यवस्था नियमावलीमा भएतापनि सोही अनुरुप भएको पाइएन । यसो हुँदा अभिभावकको पहुँचमा रहेका स्थानीय व्यत्तिहरु मात्र शिक्षण पेशामा छनौट हुने सम्भावना देखियो र व्यवहारमा पनि सोही अनुरुप नै पाईयो ।

उल्लेखित अनुसूची ट लाई  अध्ययन गर्दा प्रा.वि.तहमा अध्यापन गराउने सवै शिक्षक शिक्षिकाहरु शैक्षिक योग्यता पुरा भएका, सवैजसो तालिम प्राप्त, अध्यापन अनुमतिपत्र प्राप्त, सम्वन्धित विषयमा विशिष्टिकरण गरेका भएतापनि कुनै कुनै शिक्षक तालिम अप्राप्त र सम्वन्धित विषयका साथसाथ फरक फरक विषयको समेत अध्यापन गर्ने र अध्यापन अनुमति पत्र पनि अप्राप्त रहेको पाईयो । साथै यस तहमा स्थायी, अस्थायी, राहत, नीजिस्रोतका शिक्षक शिक्षिकाहरुले अध्यापन गराउदै आएको पाईयो । संमग्रमा यस तहमा अध्यापन गराउने शिक्षक शिक्षिकाहरुको शिक्षण अवस्था सन्तोषजनक नै पाईयो ।

उल्लेखित अनुसूची ठ लाई अध्ययन गर्दा शिक्षक छनौट गर्दा प्रायःजसो विज्ञापन गरेर खुला प्रतिस्पर्धाद्धारा नगरिने,शिक्षक छनौटमा वि.व्य.स.र अभिभावकको वढी भूमिका र छनौट समिति एवम् सम्बन्धित विषयमा विज्ञ व्यक्तिको कम भुमिका रहने, समाजले कमै मात्रामा हस्तक्षेप गर्ने साथै विद्यालयले कमै मात्रामा पक्षपात गर्ने र राजनैतिक विवादहरु भने बढी मात्रामा आउने गरेको पाईयो । समग्रमा प्रा.वि. तहमा शिक्षक छनौट प्रक्रिया त्यति स्वच्छ,निश्पक्ष र पारदर्शी नभएको पाईयो ।

### ४.१.२ निम्न माध्यमिक तहमा शिक्षक छनौट प्रक्रिया र संयन्त्रः

अध्ययनका क्रममा छनौटमा परेको सामुदायिक विद्यालय श्री नामीकुवा निम्न माध्यमिक विद्यालय वौघापोखराथोक पाल्पाको शिक्षक छनौट प्रक्रिया र संयन्त्रलाई विश्लेषण र व्याख्या गर्दा प्र.अ.को पद रिक्त रहेको अवस्थामा पदपूर्ति गर्नुपर्दा सोही तहमा अध्यापन गराउने योग्यता पुगेका स्थायी शिक्षकहरु मध्येवाट शिक्षक छनौट समितिको सर्वसहमतिवाट शिक्षा नियमावलीमा उल्लेखित आधारहरुलाई निश्चित अंक प्रदान गरेर प्र.अ.छनौट गरिने कुरा उक्त विद्यालयका प्र.अ.वताउनु हुन्छ । यस्तो प्र.अ.मा छनौट हुने शिक्षकले विद्यालय विकास सम्वन्धी प्रस्ताव तयार पार्नुपर्ने अनिवार्यता हुन्छ । यस्तो शिक्षक नभएमा विज्ञापन खुलाई सूचना टाँस गरी खुला प्रतिस्पर्धाद्धारा सोही प्रक्रियाद्धारा नै छनौट गरिने व्यवस्था भएको पाईयो । उक्त विद्यालयका प्र.अ.भने ज्येष्ठता, अनुभवी, योग्य र सोही तहमा अध्यापन गराउने स्थायी शिक्षक भएको हुनाले वि.व्य.स. र अभिभावकवर्गको सर्वसहमतिवाट छनौट भएको कुरा उहाँले वताउनु भयो । त्यस्तैगरी शिक्षक छनौट गर्दा विद्यालयले शिक्षक दरवन्दी रिक्त रहेको जानकारी जि.शि.का.मा गराई जि.शि.का.वाट अनुमति लिई वि.व्य.स.को वैठक वसी विज्ञापन खुलाई विभिन्न पत्रपत्रिका एवं संचारका माध्यमवाट सूचना प्रसारण गरी खुला प्रतिस्पर्धावाट शिक्षक छनौट समितिले लिखित, मौखिक र आवश्यक्ता अनुसार प्रयोगात्मक परीक्षा लिई स्वविवेक, स्वधर्म र निष्पक्षताका आधारमा परीक्षामा राम्रो गर्ने व्यक्तिलाई शिक्षकमा छनौट गर्ने व्यवस्था भएको कुरा उक्त विद्यालयका प्र.अ., शिक्षक प्रतिनिधी एवं वि.व्य.स.का पदाधिकारीहरु वताउनु हुन्छ ।

उल्लेखित अनुसूची ड लाई अध्ययन गर्दा निम्न माध्यमिक  तहमा अध्यापन गराउने सवै शिक्षक शिक्षिकाहरु न्यूनतम् भन्दा पनि माथिल्लो योग्यता पुरा गरेका, आधारभुत भन्दा माथिल्लो सम्वन्धित विषयमा टि.पि.डि.तालिम समेत लिएका, स्थायी, अस्थायी र नीजिस्रोतमा अध्यापनरत रहेको पाईयो । साथै सवै शिक्षकहरुले आफूले विशिष्टिकरण गरेको विषयका साथसाथै अन्य तल्लो कक्षामा समेत फरक फरक विषय अध्यापन गर्ने गरेको र अध्यापन अनुमति पत्र प्राप्त गरेको पाईयो । तर शिशु सहयोगी

कार्यकर्ताले भने माथिल्लो योग्यता हासिल गरेको भएतापनि शिशु सहयोगीको रुपमा निजीश्रोतमा अध्यापन गराएको कुरा त्यति सन्तोषजनक पाईएन ।

उल्लेखित अनुसूची ढ लाई  अध्ययन गर्दा नि.मा.वि. तहमा शिक्षक छनोट गर्दा धैरै प्रतिशतले विज्ञापन गरेर सूचना टाँस गरी खुला प्रतिस्पर्धाद्वारा शिक्षक छनोट गरिने कुरा बताए । शिक्षक छनोट कार्यमा छनोट समितिको प्रमुख भूमिका रहने र वि.व्य.स.  र सम्बन्धित विषयमा विज्ञ व्यतिको कम भूमिका रहेको, प्रायः समाजले हस्तक्षेप गर्ने तर विद्यालयले पक्षपात नगर्ने र राजनैतिक विवादहरु पनि कमै मात्रामा आउने गरेको कुराको जानकारी प्राप्त भयो ।

**४.१.३ माध्यमिक तहमा शिक्षक छनोट प्रकिया र संयन्त्र**

अध्ययनको क्रममा छनोटमा परेका सामुदायिक विद्यालय श्री प्रभात मा.वि. मैनादी र श्री लक्ष्मी उ.मा.वि. वन्दिपोखरा पाल्पाको शिक्षक छनोट प्रक्रिया र संयन्त्रलाई विश्लेषण र व्याख्या गर्दा प्र.अ. छनोटको लागि रिक्त रहेको प्र.अ.को पदपुर्ति गर्नुपर्दा वि.व्य.स. र अभिभावकहरुको सर्वसहमतिबाट सोही तहमा अध्यापन गराउन योग्यता पुगेका स्थायी शिक्षकहरुमध्येबाट शिक्षा नियमावलीमा उल्लेखित आधारहरुलाई निश्चित अंक प्रदान गरेर प्र.अ. छनोट गरिन्छ, यस्तो नभएमा विज्ञापन खुलाई विभिन्न पत्रपत्रिका एवम् संचार माध्यमबाट सूचना प्रसारण गरी सोही आधारमा अंक प्रदान गरेर प्र.अ. छनोट गरिदै आएको र आफू स्वयम् पनि यसरी नै छनोट भएको कुरा उक्त दुवै विद्यालका प्र.अ. बताउनुहुन्छ । यस्तो प्र.अ.ले विद्यालय विकास सम्बन्धी प्रस्ताव तयार पारी प्रस्तुत गर्नुपर्ने हुन्छ । त्यस्तै गरी शिक्षक छनोट गर्दा पनि रिक्त रहेको शिक्षक पदपूर्ति गर्नका लागि निश्चित मापदण्डहरु उल्लेख गरी विज्ञापन खुलाई विभिन्न संचार माध्यम बुलेटिन एवम् पत्रपत्रिका मार्फत सूचना प्रसारण गरी शिक्षक छनोट समितिले लिखित (योग्यताको लागि) मौखिक/अर्न्तवार्ता (व्यक्तिगत पहिचानको लाीग) र प्रयोगात्मक/ कक्षा अवलोकन (विद्यार्थी र शिक्षकवीच सुमधुर सम्बन्ध स्थापित गरी कक्षा व्यवस्थापन एवम् शिक्षण विधिको जानकारीको लागि) परीक्षा लिई परीक्षामा सर्वाधिक अंक ल्याई उर्तिण गरेको व्यक्तिलाई शिक्षक पदमा छनोट गरी नियुक्ति गर्ने व्यवस्था रहेको र आफू स्वयम् पनि सोही प्रकृयाद्वारा शिक्षकमा नियुक्ति भएको कुरा दुवै विद्यालयका शिक्षक प्रतिनिधिहरु बताउनुहुन्छ । वि.व्य.स. का पदाधिकारीहरु, लक्षित समूह छलफल र प्र.अ. अर्न्तवार्ताबाट पनि सोही निष्कर्ष आएको पाईयो । संमग्रमा दुबै विद्यालमा प्र.अ. र शिक्षक छनोटको प्रकृया केही मात्रामा भएपनि शिक्षा नियमावलीमा उल्लेखित प्रावधान अनुसार नै भएको पाइयो ।

उल्लेखित अनुसूची ण अध्ययनगर्दा मा.वि. तहमा अध्यापन गराउने दुवै विद्यालका शिक्षकहरु आवश्यक योग्यता पूरा गरेका, आधारभुत साथै टि.पि.डि.तालिम लिएका, अस्थायी राहत र नीजिस्रोतको रुपमा अध्यापनरत, सम्बन्धित विषयमा विषय विशिष्टिकरण गरेका, सम्बन्धित तहमा सम्बन्धित विषयका साथसाथै अन्य तहमा समेत फक फरक विषय अध्यापन गराउदै आएका र धेरैजसोले मा.वि. तह अथवा

सम्बन्धित तहको अध्यापन अनुमतिपत्र लिएका भएतापनि कुनै कुनै शिक्षक भने अध्यापन अनुमतिपत्र लिने क्रममा रहेको पाईयो । संमग्रमा यस तहको शिक्षकहरुको विशेषताहरुसन्तोषजनक नै पाईयो ।

उल्लेखित अनुसूची त लाई अध्ययन गर्दा मा. वि. तहको २ वटै विद्यालयमा शिक्षक छनोट गर्दा सधै (सयप्रतिशत) नै विज्ञापन गरेर विभिन्न पत्रपत्रिका एवम् सञ्चारका माध्ययम द्वारा सूचना प्रसारण गरी खुला पंतिस्पर्धाको आधारमा शिक्षक छनोट गरिने रहेछ । शिक्षक छनोटमा शिक्षक छनोट समितिको बढी भूमिका र वि.व्य.स. र अभिभावकको एवम् सम्बन्धित विषयमा विज्ञ व्यक्तिको कम भूमिका रहने, समाजले कम मात्रामा हस्तक्षेप गर्ने, विद्यालयले कम मात्रामा पक्षपात गर्ने गरेको पाइयो साथै राजनैतिक विवादहरु पनि कम मात्रामा नै आउने हुँदा शिक्षक छनोट कार्य स्वच्छ, पारदर्शी र निश्पक्ष रुपमा नै हुने गरेको पाईयो ।

**४.२ शिक्षक छनौटका आधारहरुः**

शिक्षण सिकाई क्रियाकलापलाई समयानुकुल बनाउन शिक्षण विधि, शैक्षिक सामग्री, परीक्षा एवम् मूल्याङ्कन प्रणाली लगायतका विविध पक्षहरुमा विगतको परम्परागत शैली, तरिका र प्रयोगले सफलता प्राप्त हुन नसकेको कुरालाई मध्यनजर गरी वर्तमान समयमा शिक्षण पेशामा यस्ता कुराहरुलाई समयानुकुल बनाउन सक्ने किसिमका शिक्षकको छनोट हुनु आजको आवश्यकता हो । यस्ता शिक्षक छनोटका लागि विभिन्न आधारहरुलाई प्रमुख प्राथमिकतामा राख्नुपर्ने हुन्छ । सामुदायिक विद्यालयको प्रत्येक तहमा शिक्षक छनोटका आधारहरु केके रहेछन भन्ने कुरालाई यहा विश्लेषण र व्याख्या गरिएको छ ।

अनुसूची थ मा उल्लेख भए अनुसार शिक्षा नियमावलीमा प्र.अ. छनौटका लागि विभिन्न आधारहरु र ती आधारहरुलाई निश्चित अंक प्रदान गरेर सामुदायिक विद्यालयको जुनसुकै तहमा प्र.अ. छनोट गर्नुपर्ने प्रावधान राखिएको छ । यसका साथै प्र.अ.ले विद्यालयको विकास सम्बन्धी प्रस्ताव तयार गरी प्रस्तुत गर्नुपर्ने व्यवस्था गरिएको छ । छनौटमा  परेको विद्यालय श्री चण्डीका प्रा.वि. पाल्पामा प्र.अ. छनौटका लागि जेष्ठता, योग्यता, पेशागत स्थिति/दरवन्दीको प्रकार (स्थायी), कार्यानुभव, लगनशीलता, तालिम जस्ता कुराहरुलाई मुख्य आधार मान्ने गरिएको छ र योग्य, जेष्ठ र स्थायी शिक्षक भएकोले उक्त विद्यालयको प्र.अ. मा छनौट भएको कुरा स्वयम् प्र.अ. बताउनुहुन्छ । तर उक्त विद्यालयमा प्र.अ. छनौट गर्दा शैक्षिक योग्यता, तालिम, अनुभवलाई आधार मानिएतापनि शिक्षा नियमावलीमा उल्लेखित कार्यसम्पादन मूल्याङ्कन, विद्यालय सुधार योजना र नेतृत्व लिने क्षमताजस्ता कुराहरुलाई पनि आधार मान्नुपर्ने भएतापनि यी कुराहरुलाई वेवास्ता गरेको पाइयो, साथै विद्यालयको विकास सम्बन्धी प्रस्ताव तयार गरी प्रस्तुत गर्नुपर्ने भनिएतापनि सोही कार्यलाई पनि ध्यान नदिएको पाईयो । त्यस्तैगरी शिक्षक छनौट गर्दा शिक्षकको शिक्षण अनुभव, शैंक्षिक योग्यता, अध्यापन अनुमतिपत्र, अनुशासन, समुदायसँग सम्बन्ध, व्यवस्थापनसँगको सम्बन्धजस्ता कुराहरुलाई आधार मानेर वि.व्य.स. र अभिभावक संघको सर्वसहमतिको आधारमा शिक्षक छनौट गरी नियुक्ति गर्ने व्यवस्था भएको र सोही अनुरुप नै छनौट गरिदै

आएको कुरा उक्त विद्यालयका प्र.अ., शिक्षक प्रतिनिधि एवम् वि.व्य.स पदाधिकारी बताउनुहुन्छ । तर वि.व्य.स. र अभिभावक संघको सर्वसहमतिका आधारमा नभई शिक्षक छनौट समितिले खुला प्रतिस्पर्धा गराई छनौट गर्नुपर्ने भएतापनि त्यसो भएको पाईएन, साथै तालिम र विषय विशिष्टिकरणलाई बेवास्ता गरेको पाईयो ।

त्यस्तै गरी, छनौटमा परेको विद्यालय श्री नामीकुवा नि.मा.वि. बैधापोखराथोक पाल्पामा प्र.अ. छनौटका लागि विषयगत क्षमता दक्षता, अनुभव, शैक्षिक योग्यता, तालिम, निपुर्णता जस्ता कुराहरुलाई आधार मान्ने गरेको र उक्त विद्यालयका प्र.अ. भने विश्वसनियता, इमान्दारिता, कार्यकुशलता, कार्यक्षमता, अनुभव र जेष्ठताको आधारमा प्र.अ. मा छनौट हुनुभएको कुरा उक्त विद्यालयका प्र.अ. बताउनुहुन्छ । यस तहमा पनि शिक्षा नियमावलीमा उल्लेखित अनुभव, शैक्षिक योग्यता, तालिमजस्ता कुराहरुलाई आधार मानिएतापनि कार्यसम्पादन मूल्याङ्कन, विद्यालय सुधार योजना र नेतृत्व लिन सक्ने क्षमता जस्ता आधारहरुलाई वेवास्ता गरेको पाईयो, साथै विद्यालयको विकास सम्बन्धी प्रस्ताव तयार गरी प्रस्तुत गर्ने कार्यलाई पनि वेवास्ता गरेको पाईयो । त्यसैगरी शिक्षक छनौटका आधारहरुमा योग्यता, क्षमता, दक्षता, अनुभव, तालिम, अध्यापन अनुमतिपत्र र सम्बन्धित विषयमा विशिष्टिकरण गरेको शिक्षकलाई विशेष प्राथमिकता दिइने र सोही आधारमा नै छनौट गर्ने गरेको पाईयो ।

माध्यमिक तहमा प्र.अ छनौटका लागि योग्यता, जेष्ठता, नेतृत्व क्षमता, पारदर्शिता, दुरदर्शिता, पेशाप्रतिको निष्ठा जस्ता कुराहरुलाई आधार मानिदै आएको र सोही आधारमा नै उक्त विद्यालयका प्र.अ. पनि छनौट भएको कुरा उक्त विद्यालयका प्र.अ. बताउनु हुन्छ । उक्त विद्यालयमा प्र.अ. छनौटका आधारहरुमाः योग्यता, नेतृत्व क्षमतालाई आधार मानिएतापनि शिक्षा नियमावलीमा उल्लेखित शिक्षण अनुभव, कार्यसम्पादन मूल्याङ्कन, तालिम, विद्यालय सुधार कार्ययोजना जस्ता कुराहरुलाई मुख्य आधार नमानिएको र यस भन्दा अन्य कुराहरुलाई आधार मानिने गरेको पाइयो । त्यस्तै शिक्षक छनौट गर्दा- तालिम, अध्यापन अनुमतिपत्र, शिक्षण कला/सीप, वौद्धिकता, विषयवस्तुको ज्ञान, सामाजिकभाव, आत्मविश्वास, व्यक्तित्व जस्ता कुराहरुका साथसाथै लिखित परीक्षा (योग्यताको लागि), अर्न्तवार्ता (व्यक्तिगत पहिचानको लागि), कक्षाअवलोकन (विद्यार्थी र शिक्षकबीच सुमधुर सम्बन्ध स्थापित गरी कक्षा व्यस्थापन एवम् शिक्षण विधिको जानकारीको लागि) जस्ता कुराहरुलाई आधार मानिने र सोही अनुरुप नै शिक्षक छनौट गरिँदै आएको कुरा दुवै विद्यालयका प्र.अ., शिक्षक प्रतिनिधि एवम् वि.व्य.स. पदाधिकारीहरु बताउनुहुन्छ । समग्रमा प्राथमिक तह र नि.मा.वि. तहको भन्दा मा.वि. तहको प्र.अ./शिक्षक छनौट प्रक्रिया अलिकति व्यवस्थित र प्रभावकारी भएको पाइयो ।

### ४.३. शिक्षक छनौटमा प्रभाव पार्ने तत्वहरु :

शिक्षक छनौट प्रक्रिया विभिन्न तत्वहरुबाट प्रभावित हुन्छ, जसले गर्दा छनौटका लागि आवश्यक न्युनतम मापदण्ड/आधारहरु पूरा गरेको व्यक्तिपनि छनौटमा नपरी "राम्रा भन्दा पनि हाम्रा" व्यक्तिहरु छनौटमा पर्ने सम्भावना हुन्छ । एकातिर विद्यालयको शिक्षा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभावित हुन्छ, फलस्वरुप शिक्षामा गरिएको लगानी खेर जानुका साथै विद्यार्थीहरुको भविष्य पनि अन्यौलता तर्फ जाने कुरामा दुईमत हुन सक्दैन भने अर्कोतिर योग्य, दक्ष एवम् इमान्दार व्यक्तिहरु बेरोजगार भई त्यसै वस्नुपर्ने अवस्था सृजना हुन्छ । हाम्रा विद्यालयमा पनि सोही अवस्था अझपनि विद्यमान छ । यसरी शिक्षक छनौटमा प्रभाव पार्ने तत्वहरुलाई आन्तरिक र वाह्य गरी २ भागमा वर्गीकरण गरेर अध्ययन गर्ने गरिन्छ ।

### ४.३.१. शिक्षक छनौटमा प्रभाव पार्ने आन्तरिक तत्वहरु :

आन्तरिक तत्वहरु भन्नाले शिक्षक छनौट प्रक्रियामा प्रभाव पार्ने ती तत्वहरु जुन शिक्षक स्वयम्सँग जोडिएका वा सम्बन्ध राख्ने तत्वहरु हुन,जसले शिक्षकको शिक्षण पेशामा छनौट हुने सम्भावनालाई अमर्यादित, असम्भव वा कम बनाउनमा प्रभाव पार्दछन् । छनौटमा परेको विद्यालय श्री चण्डिका प्रा.वि., चण्डीभञ्ज्याङ्गमा शिक्षक छनौटमा प्रभाव पार्ने आन्तरिक तत्वहरुः शैक्षिक योग्यता, शिक्षण अनुभव, अध्यापन अनुमतिपत्र, तालिम जस्ताः तत्वहरुले गर्दा शिक्षण पेशामा प्रवेश गर्नमा वाधा पुऱ्याएको कुरा विभिन्न प्रतिक्रियादाताहरुद्वारा जानकारी भयो । त्यस्तैगरी नाभीकुवा नि.मा.वि. मा पनि शिक्षक छनौटमा प्रभाव पार्ने आन्तरिक तत्वहरु, पेशागत दक्षता, शैक्षिक योग्यता, तालिम, विषय विशिष्टिकरण, अनुभव, कोटा छनौटमा अनियमितता जस्ता तत्वहरु वाधक रहेको जानकारी प्राप्त भयो भने श्री प्रभात मा.वि. र लक्ष्मी उ.मा.वि. मा शिक्षक छनौटमा प्रभाव पार्ने आन्तरिक तत्वहरु शिक्षकको उमेर, योग्यता वा दक्षता, अध्यापन अनुमतिपत्र, तालिम, विषयविशिष्टिकरण, शिक्षकले आफ्नो क्षमताको प्रदर्शन गर्न नसक्नु जस्ता तत्वहरु हावी रहेको पाईयो ।

### ४.३.२. शिक्षक छनौटमा प्रभाव पार्ने वाह्य तत्वहरु :

वाह्य तत्वहरु भन्नाले शिक्षक छनौट प्रक्रियामा प्रभाव पार्ने ती तत्वहरु हुन् जुन शिक्षक स्वयम्सँग सम्बन्धित नभई अन्य पक्षसँग सम्बन्धित हुन्छन,जसले शिक्षक छनौट प्रक्रियालाई अमर्यादित, असम्भव र कम गराउँछन् ।

छनौटमा परेको विद्यालयको प्रा.वि. तहमा शिक्षक छनौटमा प्रभाव पार्ने तत्वहरुमाः सामाजिक दवाव, राजनैतिक रुपमा पाटीगत अडिगपन स्थानीय व्यक्तिलाई ग्राह्यता, छनौट समिति एवम् अभिभावक वर्गको पहुँचजस्ता तत्वहरु भएको पाइयो भने नि.मा.वि. तहमा प्रभाव पार्ने वाह्य तत्वहरुमा राजनीतिक विवाद, घुसखोरी, नातावाद, कृपावाद र मा.वि. तहमा प्रभाव पार्ने तत्वहरुमा राजनीतिक तत्व, शिक्षा नियमावलीमा उल्लेखित प्रावधानका आधारमा छनौट नगरी अन्य प्रक्रिया अपनाउनु, अभिभावकवर्गको दवाव, वि.व्य.स. एवम् छनौट समितिका पदाधिकारीहरुको पक्षपातपूर्ण व्यवहार, जातिगत रुपमा विरोधाभास कुराहरु आउनु, छनौटको मूल्याङ्कन प्रणाली कमजोर हुनु जस्ता तत्वहरु मुख्य रहेको पाईयो ।

### ४.४. शिक्षक छनौटमा देखा परेका समस्याहरु :

विशेषगरी शिक्षक छनौटमा देखिएका समस्याहरु भन्नाले शिक्षक छनौटका क्रममा देखिएका अवरोध एवम् वाधा व्यवधानलाई बुझाउँछ, जसले योग्य, दक्ष र अनुशासित शिक्षक छनौटमा असर पुऱ्याउँछ । सामुदायिक विद्यालयको प्रत्येक तहमा शिक्षक छनौटमा देखा परेका समस्याहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

छनौटमा परेको विद्यालयको प्रा.वि. तहमा राजनीतिक तत्व, सामाजिक विवाद, अभिभावक वर्गको दवाव, वि.व्य.स. र प्र.अ. को आ-आफ्नै किसिमको राय जस्ताः समस्याहरुले गर्दा शिक्षक छनौट प्रक्रिया पूर्ण रुपमा स्वच्छ, निश्पक्ष, र पारदर्शी हुन नसकेको अवस्था पाइयो । साथै प्रायः धरैजसो शिक्षक,

शिक्षिकहरु स्थानीय तहका भएको र बाहिरबाट आएका शिक्षक शिक्षिकाहरुको संख्या एकदमै कम पाइयो । यस तहमा विज्ञापन नखुलाई, वि.व्य.स. र अभिभावकवर्गको सर्वसहमतिको आधारमा शिक्षक छनौट गर्नुलाई एउटा प्रमुख समस्याको रुपमा लिन सकिन्छ ।

त्यस्तैगरी नि.मा.वि. तहमा राजनीतिक रुपमा पाटीगत विवाद, सामाजिक हस्तक्षेप, अभिभावकवर्गको दवाव, वि.व्य.स. का पदाधिकारीहरुको अडिगपन, नातावाद, कृपावाद जस्ताः विविध समस्याहरु आउने गरेतापनि शिक्षक, छनौट प्रक्रिया स्वच्छ, पारदर्शी र निष्पक्ष रुपमा विज्ञापन खुलाई खुला प्रतिस्पर्धाको माध्यमद्वारा हुने गरेको पाइयो ।

मा.वि. तहमा छनौटमा परेको विद्यालयमा खासै समस्याहरु नभएको तर कहिलेकाही राजनैतिक भिटो र जातीय लवी आउने गरेको भएतापनि शिक्षक छनौट प्रक्रिया एकदमै स्वच्छ, पारदर्शी र निष्पक्ष हुने गरेको पाइयो ।

### ४.५. शिक्षक छनौटमा देखिएका समस्याहरु समाधानका लागि अपनाएका उपायहरु :

कुनैपनि कार्य समस्यारहीत हुन सक्दैन, जुनसुकै कार्यमा पनि कुनै न कुनै समस्याहरु अवश्य नै आउने गर्दछन् । ती समस्याहरुलाई पूर्ण रुपमा निर्मुल पार्न नसकिएतापनि कुनै समाधानका उपायहरु अपनाएर कमगर्न सकिन्छ । शिक्षक छनौट कार्य पनि एउटा जटिल कार्य भएको हुँदा यसमा पनि कुनै न कुनै समस्याहरु अवश्य पनि देखा पर्दछन्, जसलाई कुनै उपायहरु अपनाएर समाधान गर्न सकिन्छ । यहाँ सामुदायिक विद्यालयको प्रत्येक तहमा देखापरेका समस्या समाधानका उपायहरुलाई उल्लेख गर्ने प्रयास गरिएको छ ।

छनौटमा परेको विद्यालय प्रा.वि. तहमा शिक्षक छनौटमा देखा परेको समस्या समाधानका लागि सम्बन्धित सरोकारवाला पक्षहरुसँग नियमित रुपमा छलफल र समन्वय गरी शिक्षक छनौट कार्यमा क्रमिक रुपमा सुधारात्मक उपायहरु अपनाउँदै आएको र आगामी दिनमा अझ नियमानुसार गरिँदै जाने कुरा पाइयो ।

छनौटमा परेको विद्यालयको नि.मा.वि. तहमा शिक्षक छनौटमा देखा परेको समस्याहरु समाधानका लागि विभिन्न राजनीतिक दल, समाजका वुद्धिजिवी/ शिक्षाप्रेमी, अभिभावक वर्ग, वि.व्य.स. का पदाधिकारीहरुको सोचाईमा एकरुपता एवम् समन्वय गरी जि.शि.का. र श्रोतकेन्द्रका सदस्यहरुको उपस्थितिमा सामुहिक रुपमा सकारात्मक दृष्टिकोण राखी पूर्व शर्त बनाई सदस्य सचिवको साहसी र अडिग नीति लिएर शिक्षक छनौट प्रकियालाई स्वच्छ, निश्पक्ष र पारदर्शी रुपमा योग्य दक्ष एवम्, अनुशासित शिक्षक छनौटमा पहल गरिँदै आएको कुरा जानकारी भयो ।

त्यसैगरी छनौटमा परेका दुईवटै विद्यालयको मा.वि. तहमा शिक्षक छनौटमा देखा परेका समस्याहरु समाधानका लागि सम्बन्धित सरोकारवाला पक्षहरुसँग नियमित रुपमा अर्न्तक्रिया र छलफल एवम् समन्वय गरी स्वच्छ, निष्पक्ष र पारदर्शिताको आधारमा कक्षागत, विषयगत र तहगत शिक्षक छनौटमा पहल गरिँदै आएको जानकारी प्राप्त भयो । यस तहमा शिक्षक छनौट कार्यलाई क्रमश चुस्त र दुरुस्त बनाउने प्रयास भैरहेको पाइयो ।

## परिच्छेद– पाँच
## प्राप्ति, निष्कर्ष र सुझाव

प्रस्तुत अध्ययन पाल्पा जिल्लाका ४ वटा सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रिया सम्बन्धमा गरिएको थियो । अध्ययनका क्रममा छनौटमा परेका ४ वटा विद्यालयका प्र.अ. र शिक्षकहरुसँग अर्न्तवार्ता, वि.व्य.स. का सदस्यहरुसँग लक्षित समूह छलफल र दस्तावेज अध्ययन जस्ता तथ्याङ्क एवम् सूचना सङ्कलनका साधनहरुको प्रयोग गरी शिक्षक छनौट प्रक्रियाको संयन्त्र, छनौटमा प्रभाव पार्ने तत्वहरु, देखा परेका समस्या र समाधनका लागि अपनाइएका उपायहरु पत्ता लगाउनको लागि सम्बन्धित विद्यालयमा पुगेर तथ्याङ्क एवम् सूचना सङ्कलन गरिएको थियो । प्राप्त तथ्याङ्क एवम् सूचनाको विश्लेषण र व्याख्याको आधारमा निम्नानुसारका प्राप्ति, निष्कर्ष र सुझावहरु निकालिएको छ :

### ५.१ . प्राप्ति

यस अध्ययनका लागि नमूनाका रुपमा रहेका सामुदायिक विद्यालयहरुमा विभिन्न साधनहरु प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । उक्त तथ्याङ्कबाट प्राप्त मुख्य प्राप्तिहरु निम्नानुसार छनः ।

- प्रा.वि. तहमा दरवन्दी, जेष्ठता र इमान्दारीताको आधारमा वि.व्य.स. र अभिभावक वर्गको सर्वसहमतिद्वारा प्र.अ. छनौट गर्ने गरेको र नि.मा.वि. र मा.वि. तहमा भने शिक्षा नियमावलीमा उल्लेखित प्रावधान अनुसार प्र.अ. छनौट गर्ने व्यवस्था छ भनिएतापनि उक्त विद्यालयका प्र.अ. अन्य आधारमा समेत छनौट भएको पाइयो ।
- प्रा.वि. तहमा शिक्षक छनौट गर्दा विज्ञापन नगरिने, वि.व्य.स. र अभिभावकहरुको प्रमुख भूमिका रहने, समाजले बढी हस्तक्षेप गर्ने, विद्यालयले कम पक्षपात गर्ने र राजनैतिक विवादहरु बढी आउने गरेको पाइयो ।
- नि.मा.वि. तहमा शिक्षक छनौट गर्दा विज्ञापन गरिने, शिक्षक छनौट समितिको प्रमुख भूमिका रहने, समाजले बढी हस्तक्षेप गर्ने, विद्यालयले कम पक्षपात गर्ने र राजनैतिक विवादहरु पनि बढी आउने गरेको पाइयो ।
- मा.वि. तहमा विज्ञापन गरिने, शिक्षक छनौट समितिको प्रमुख भूमिका रहने, समाजले कम हस्तक्षेप गर्ने, विद्यालयले कम पक्षपात गर्ने र राजनैतिक विवाद पनि कम आउने गरेको पाइयो ।
- प्रा.वि., नि.मा.वि. र मा.वि. तीनवटै तहमा अध्यापन गराउने शिक्षक⁄ शिक्षिकाहरु सबै जसो शैक्षिक योग्यता पूरा गरेका, तालिम लिएका, अध्यापन अनुमतिपत्रप्राप्त र सम्बन्धित विषयमा विषय विशिष्टिकरण गरेका भएतापनि कुनै-कुनै शिक्षक तालिम र अध्यापन अनुमतिपत्र लिने क्रममा रहेको पाइयो ।
- प्रा.वि. तहमा स्थायी, अस्थायी, राहत, नीजिस्रोत र बालविकास सहयोगी कार्यकर्ता, नि.मा.वि. तहमा स्थायी, अस्थायी एवम् बालविकास सहयोगी कार्यकर्ता र मा.वि. तहमा अस्थायी, राहत, निजिस्रोत र बालविकास सहयोगी कार्यकर्ताको दरवन्दी रहेको पाइयो ।
- प्रा.वि., नि.मा.वि. र मा.वि. तीनवटै तहमा प्र.अ. छनौटका आधारहरु शिक्षा नियमावलीमा उल्लेखित साथसाथै केही फरक भएको पाइयो ।

- शिक्षक छनौटमा प्रभाव पार्ने आन्तरिक तत्वहरु सबै तहमा उस्तै उस्तै भएतापनि वाह्य तत्वहरुमा केही भिन्नता पाइयो ।
- प्रा.वि. र नि.मा.वि. तहमा शिक्षक छनौट गर्दा उस्ताउस्तै समस्याहरु देखापर्ने भएतापनि मा.वि. तहमा खासै समस्याहरु नआउने र कहिलेकाही राजनैतिक भिटो र जातिगत लवीआउने गरेको पाइयो ।
- प्रा.वि. तहमा देखापर्ने समस्या समाधानका लागि सरोकारवालाहरुसँग नियमित रुपमा छलफल र समन्वय गरी सुधारात्मक उपायहरुअपनाउँदै आएको पाइयो ।
- नि.मा.वि. तहमा देखापर्ने समस्या समाधानका लागि विभिन्न राजनैतिक दल, समाजका बुद्धिजिवी⁄ शिक्षाप्रेमी, अभिभावक वर्ग, वि.व्य.स.का पदाधिकारीहरुको सोचाईमा एकरुपता एवम् समन्वय गरी प्रभावकारी रुपमा शिक्षक छनौट कार्यलाई स्वच्छ, निश्पक्ष र पारदर्शी बनाउदै आएको पाइयो ।
- मा.वि. तहमा देखापर्ने समस्या समाधानका लागि सम्बन्धित सरोकारवाला पक्षहरुसँग नियमित रुपमा अर्न्तक्रिया, छलफल र समन्वय गरिँदै आएको पाइयो ।

## ५.२. निष्कर्ष

पाल्पा जिल्लामा अवस्थित छनौटमा परेका ४ वटा सामुदायिक विद्यालयहरुमा शिक्षक छनौट प्रक्रियाको सम्बन्धमा गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त तथ्याङ्क एवम् सूचनाको विश्लेषण र व्याख्या पश्चात् प्राप्त प्राप्तिका आधारमा निष्कर्ष निकालिएको छ ।

छनौटमा परेका विद्यालयको प्रा.वि. तहको शिक्षक छनौट संयन्त्र त्यति नियमानुसार नभएको पाइयो, भने नि.मा.वि. र मा.वि. तहको भने केही नियमवद्ध र प्रभावकारी भएको पाइयो । तीनवटै तहमा प्र.अ. छनौटका (शिक्षा नियमावलीमा उल्लेखित) धेरैजसो आधारहरुलाई वेवास्ता गरेको पाइयो । भने शिक्षक छनौटका आधारहरु प्रायः उस्तै उस्तै भएको पाइयो । सबै तहका शिक्षक⁄शिक्षिकाहरु न्यूनतम योग्यता पूरा भएका, तालिम प्राप्त, अध्यापन अनुमति प्राप्त र सम्बन्धित विषयमा विषय विशिष्टिकरण गरेर अध्यापन गराउँदै आएको पाइयो । शिक्षक छनौटमाः शिक्षकको योग्यता, दक्षता, उमेर, अनुभव, अध्यापन अनुमतिपत्र, तालिम, कोटा छनौटमा अनियमितता जस्ता आन्तरिक तत्वहरुले प्रभाव पार्ने गरेको र सामाजिक विवाद, राजनैतिक रुपमा पार्टीगत विवाद⁄अडिगपन, घुसखोरी, नातावाद, कृपावाद, जातीय लवी जस्ता तत्वहरुले प्रभाव पार्ने गरेको पाइयो तैपनि शिक्षक छनौट प्रक्रिया प्रा.वि. तहमा भन्दा नि.मा.वि. र मा.वि. तहमा स्वच्छ, पारदर्शी र निष्पक्ष रुपमा गरिँदै आएको पाइयो । त्यस्तैगरी समस्याहरुमा पनि प्रभाव पार्ने तत्वहरुले नै अधिकमात्रामा वाधा व्यवधान पुऱ्याएको हुँदा यीनै तत्वहरुलाई समस्याका रुपमा लिइएको पाइयो । यस्ता समस्याहरु समाधानका लागि सम्बन्धित सरोकारवाला पक्षहरुसँग अर्न्तक्रिया, छलफल र समन्वय गरी कक्षागत, विषयगत र तहगत रुपमा शिक्षक छनौट प्रक्रियालाई चुस्त, दुरुस्त र पारदर्शी बनाउने प्रयास गरिदै आएको पाइयो ।

### ५.३. सुझाव

यो अनुसन्धानकार्य सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रियाको अध्ययनको क्रममा प्राप्त सूचनाहरुको विश्लेषण र व्याख्याबाट उपलब्ध सूचनाहरुको आधारमा शिक्षकछनौट प्रक्रियालाई अझ थप व्यवस्थित र प्रभावकारी बनाउन निम्न सुझावहरुलाई प्रस्तुत गरिएको छ ।

- प्रा.वि. तहको शिक्षक छनौट संयन्त्रलाई व्यवस्थित र नियमवद्ध गरिनुपर्ने साथै नि.मा.वि. र मा.वि. तहको संयन्त्रलाई अझ प्रभावकारी बनाउनुपर्ने ।
- सबै तहमा शिक्षक छनौट गर्दा विज्ञापन खुलाई विभिन्न पत्रपत्रिका, बुलेटिन एवम्, सञ्चार माध्यमबाट सूचना प्रसारण गरी खुल्ला प्रतिस्पर्धाको आधारमा शिक्षक छनौट गरिनुपर्ने ।
- सबै तहमा प्र.अ. छनौट गर्दा शिक्षा नियमावलीमा उल्लेखित आधारहरुलाई अनिवार्य रुपमा लागू गर्नुपर्ने ।
- सबै तहमा शिक्षक छनौटका आधारहरुलाई अझ व्यवस्थित बनाई विषयगत, कक्षागत र तहगत शिक्षकको अनिवार्य व्याख्या गरिनुपर्ने ।
- सबै प्रा.वि. शिक्षकहरुलाई आधारभूत १० महिने तालिम र नि.मा.वि. र मा.वि. तहका शिक्षकहरुलाई सम्बन्धित विषयमा विषयगत तालिमको व्यवस्था गरिनुपर्ने ।
- अध्यापन अनुमतिपत्र नलिई शिक्षण पेशाको कुनैपनि तहमा अध्यापन गर्न नपाइने अनिवार्य व्यवस्था लागू गरिनुपर्ने ।
- शिक्षक छनौट समितिले आफ्नो मूल्याङ्कन प्रणालीमा सुधार गरी मूल्याङ्कन प्रणालीलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउन प्रयासरत हुनुपर्ने ।
- शिक्षक छनौटमा वाधा व्यावधान उत्पन्न गर्ने सम्बन्धित पक्षहरुलाईसचेतना सम्बन्धि तालिम दिनुपर्ने ।
- शिक्षक छनौटसँग सम्बन्धित विद्यमान समस्या समाधानका लागि शिक्षा क्षेत्रसँग सम्बन्धित (प्र.अ., शिक्षक, वि.व्य.स., राजनैतिक दल, अभिभावक तथा जि.शि.अ.) निकाय विशेष चासोका साथ सक्रिय रहनुपर्ने देखिन्छ ।

## सन्दर्भसामग्री


अधिकारी, विष्णुप्रसाद (२०६५),*शिक्षाशास्त्र र नेपालमा शिक्षा,* बागबजार, काठमाडौ : आशिष पुस्तक भण्डार ।

के.सी., फत्तबहादुर (२०४९), *व्यवस्थापनको सिद्धान्त,* भोटाहिटी, काठमाडौ : सुकन्दा पुस्तक भण्डार ।

खनिया, सिर्जना(२०६७),*एस.एल.सी. परीक्षामा उच्च र न्यून परीक्षाफल भएका सामुदायिक विद्यालयको शैक्षणिक स्थिति र विद्यार्थीको सामाजिक आर्थिक अवस्था* (अप्रकाशित शोधपत्र) काठमाडौ : शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि.,कीर्तिपुर ।

खनाल, पेशल (२०६७),*शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर ,काठमाडौं : सनलाइट पब्लिकेशन ।

खनाल, श्रीप्रसाद (२०६६), *कार्यक्रम मूल्याङ्कन, काठमाडौं : जुपिटर पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।*

*जिल्ला शिक्षा कार्यालय (२०६९), पाल्पा जिल्लाको शैक्षिक विवरण,* पाल्पाः जिल्ला शिक्षा कार्यालय

पाठ्यक्रम विकास केन्द्र (२०६३), *राष्ट्रिय पाठ्यक्रम प्रारुप,* सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र

शर्मा, गोपीनाथ (२०६४), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाडौं : मकालु प्रकाशन गृह ।

शिक्षा मन्त्रालय (२०६७-७२), *विद्यालय क्षेत्र सुधार योजना* केशरमहल, काठमाण्डौ : शिक्षा मन्त्रालय ।

शिक्षा मन्त्रालय(२०५७),*शिक्षक सेवा आयोगको नियमावली* केशरमहल काठमान्डौं : कानुन किताब व्यवस्था समिति ।

शिक्षा विभाग (२०४९), *शिक्षा नियमावली,(संशोधनसहित),* काठमाडौं : कानुन किताव व्यवस्था समिति ।

शिक्षा विभाग (२०२८),*शिक्षा ऐन (संसोधन सहित),* काठमाण्डौं : कानुन किताब व्यवस्था समिति ।

शर्मा, चिरन्जीवी र शर्मा, निर्मला (२०६७), *शिक्षाका आधारहरु,* काठमाडौ : एम.के. पब्लिशर्स एण्ड डिष्टिब्यूटर्स ।

वराल, खगराज (२०६७), *शिक्षा जगतको अर्धवार्षिक पत्रिका शिक्षा, विद्यालय तहमा शिक्षक व्यवस्थापन चुनौती र भावी दिशा* (पेज नं. १८-१९) भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

राष्ट्रिय जनगणना(२०५८), *पाल्पा जिल्लाको संक्षिप्त वस्तुस्थिति,* बन्दिपोखरा पाल्पा : गाउँ विकास समितिको कार्यालय बन्दिपोखरा ।

American Psychological Association *(2009).Publication Mannual, (6th Ed.),*Washington D.C.: Author.

## सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रिया
## अनुसूची- क

**प्र.अ.को लागि असंरचित खुला अर्न्तवार्ता अनुसूची:**

**विद्यालयको नाम:**

**मिति**

**प्र.अ.को नाम:**
**शैक्षिक योग्यता:**
**विषय विशिष्टिकरण:**
**तालिम:**
**अनुभव:**
**लिङ्ग:**

१. तपाई यस विद्यालयमा कुन कुन आधारमा प्र.अ.मा छनौट हुनु भयो ?

..................................................................................................................................................

..................................................................................................................................................

२.तपाईको विद्यालयमा प्र.अ./शिक्षक छनौट गर्ने आधारहरु के के छन्?

..................................................................................................................................................

..................................................................................................................................................

३. शिक्षक छनौट गर्दा विद्यालयले कुन कुन पक्षमा ध्यान दिईन्छ ? किन ?

..................................................................................................................................................

..................................................................................................................................................

४. विद्यालयमा शिक्षक छनौट कार्यमा प्रभाव पार्ने आन्तरिक र वाह्य तत्वहरु के के होलान ?

..................................................................................................................................................

..................................................................................................................................................

५. शिक्षक छनौट गर्दा विज्ञापन गरिन्छ कि गरिदैन ? गरिदैन भने किन ?

..................................................................................................................................................

..................................................................................................................................................

६. तपाईको विद्यालयमा के कस्ता प्रकृतिका शिक्षकहरु छनौट गरिएको अवस्था छ ?

..................................................................................................................................................

..................................................................................................................................................

७. शिक्षक छनौटमा विद्यालयले पक्षपात गर्दछ कि गर्दैन ? वा विभेद गर्दछ ?

..................................................................................................................................................

..................................................................................................................................................

८. शिक्षक छनौटमा कसको प्रमूख भूमिका रहन्छ ? किन ?

..................................................................................................................................

..................................................................................................................................

९. तपाईँको विद्यालयमा शिक्षक छनौट गर्दा समाजले हस्तक्षेप गर्दछ कि गर्दैन ?

..................................................................................................................................

..................................................................................................................................

१० राजनैतिक विवादहरु आउछन कि आउदैनन् ?

..................................................................................................................................

..................................................................................................................................

११.यस तहमा अध्यापन गराउने शिक्षकहरु सवै योग्य, तालिम प्राप्त, विषय विशिष्टीकरण गरेका र अध्यापन अनुमती पत्र लिएका हुनुहुन्छ त ? हुनुहुन्न भने किन ?

..................................................................................................................................

..................................................................................................................................

१२. शिक्षक छनौटमा के कस्ता समस्याहरु आईरहेको अवस्था छ ? किन होला ?

..................................................................................................................................

................................................................................................................................

१३. समस्या समाधानका लागि के कस्ता उपायहरु अपनाउदै आउनु भएको छ ?

..................................................................................................................................

................................................................................................................................

## अनुसूची– ख

**शिक्षकका लागि असंरचित खुला अर्न्तवार्ता अनुसूची:**

**मितिः**

**विद्यालयको नामः**

**शिक्षक/शिक्षिकाको नामः**

**शैक्षिक योग्यताः**

**विषय विशिष्टिकरणः**

**तालिमः**

**लिङ्गः**

१.तपाइँको विद्यालयमा शिक्षक छनौट गर्दा कुन कुन कुराहरुलाई आधार मानिन्छ ? किन

..............................................................................................................................

..............................................................................................................................

२.तपाइँ कुन आधारमा शिक्षकमा छनौट हुनु भयो ? किन ?

..............................................................................................................................

..............................................................................................................................

३. तपाईंको विद्यालयमा शिक्षक छनौट गर्दा समाजले हस्तक्षेप गर्दछ कि गर्दैन ?

..............................................................................................................................

..............................................................................................................................

४.शिक्षक छनौट गर्दा राजनैतिक विवादहरु आउछन कि आउदैनन् ?

..............................................................................................................................

..............................................................................................................................

५. शिक्षक छनौटमा कसको प्रमूख भूमिका रहन्छ ? किन ?

..............................................................................................................................

..............................................................................................................................

६. शिक्षक छनौटमा विद्यालयले पक्षपात गर्दछ कि गर्दैन ? वा विभेद गर्दछ  कि गर्दैन ?

..............................................................................................................................

..............................................................................................................................

७. शिक्षक छनौट गर्दा विज्ञापन खुलाई सूचना टाँस गरेर खुला प्रतिस्पर्धाद्धारा शिक्षक छनौट गरिन्छ वा गरिदैन ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

८. विद्यालयमा शिक्षक छनौट कार्यमा प्रभाव पार्ने आन्तरिक र वाह्य तत्वहरु के के होलान ?गरिदैन भने किन ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

९. तपाईको पेशागत स्थीति कुन हो ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

१०.तपाईंले कुन कुन कक्षाम कुन कुन विषय अध्यापन गराउनु हुन्छ ? किन ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

११. तपाईंले अध्यापन अनुमतिपत्र लिनु भएको छ कि छैन ? छ भने कुन तहको लिनु भएको छ ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

१२. शिक्षक छनौटमा के कस्ता समस्याहरु आईरहेको अवस्था छ ? किन होला ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

१३. समस्या समाधानकालागि के कस्ता उपायहरु अपनाउदै आउनु भएको छ ?

……………………………………………………………………………………………………………

……………………………………………………………………………………………………………

## सामुदायिक विद्यालयमा शिक्षक छनौट प्रक्रिया

### अनुसूची- ग

**विद्यालय व्यवस्थापन समितिका सदस्यहरुका लागि लक्षित समूह छलफल निर्देशिका:**

**मितिः** ................................

**विद्यालयको नामः** ................................................

**विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको नामावली:**

...................................................................

| क्र.सं. | नाम, थर | शैक्षिक योग्यता | पद | जाति | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

१. प्र.अ. छनौट प्रकृया:

२. शिक्षक छनौट प्रकृया:

३.प्र.अ.छनोटका आधारहरु:

४. शिक्षक छनौटका आधारहरु:

५.विद्यालयमा शिक्षक छनौट गर्दा समाजले गर्ने हस्तक्षेप

६. शिक्षक छनौटमा आउने राजनैतिक विवादहरु

७. शिक्षक छनौटमा प्रमूख भूमिका

८. शिक्षक छनौटमा विद्यालयले गर्ने पक्षपात वा विभेद

९. शिक्षक छनौट गर्दा गरिने विज्ञापन

१०.शिक्षक छनौटमा प्रभाव पार्ने आन्तरिक र वाह्य तत्वहरु:

११. शिक्षक छनौटमा देखापरेका समस्याहरु/विवादहरु:

१२. शिक्षक छनौटमा देखापरेका समस्याहरुको समाधानका लागि अपनाइएका उपायहरु:

१३. छनौटमा परेका शिक्षकहरुको पेशागत स्थीति :

## अनुसूची – घ

### अध्ययनका लागि छनौट गरिएका विद्यालयहरुः

| क.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री चण्डीका प्रा.वि. | बन्दिपोखरा_६,चण्डीभञ्ज्याङ्ग पाल्पा |
| २. | श्री नामीकुवा नि.मा.वि. | वौघापोखराथोक _३, पाल्पा |
| ३. | श्री प्रभात मा.वि. | पालुङ्ग, मैनादी_३, पाल्पा |
| ४. | श्री लक्ष्मी उ.मा.वि. | ता.न.पा._१३, पाल्पा |

## अनुसूची - ङ

### छनौटमा परेका विद्यालयका प्राचार्यको विवरणः

| क.सं. | विद्यालयको नाम | प्राचार्यको नाम | ठेगाना |
|---|---|---|---|
| १. | श्री चण्डीका प्राथमिक विद्यालय | वोधराज ढुङ्गाना | मदनपोखरा–६, पाल्पा |
| २ | श्री नामीकुवा निम्न माध्यमिक विद्यालय | वेणीमाधव उपाध्याय | भैरवस्थान–३, पाल्पा |
| ३. | श्री प्रभात माध्यमिक विद्यालय | रमेश भट्टराई | नुवाकोट–५, अर्घाखाँची |
| ४. | श्री लक्ष्मी उच्च माध्यमिक विद्यालय | धातानन्द शर्मा गैरे | चिदीपानी–६, पाल्पा |

## अनुसूची – च

### छनौटमा परेका विद्यालयका शिक्षकहरुको विवरणः

| विद्यालयको नाम | शिक्षकको नाम | ठेगाना |
|---|---|---|
| श्री चण्डीका प्राथमिक विद्यालय | मञ्जु कुमारी घिमिरे | वन्दीपोखरा–२, पाल्पा |
| श्री चण्डीका प्राथमिक विद्यालय | दीपा कार्की | वन्दीपोखरा–६, कुरुङखोला |
| श्री चण्डीका प्राथमिक विद्यालय | सुमित्रा कार्की | वन्दीपोखरा–६, चण्डीभञ्ज्याङ्ग |
| श्री नामीकुवा नि.मा.वि. | युवराज पन्त | ता.न.पा.–१२, पाल्पा |
| श्री नामीकुवा नि.मा.वि | दिलबहादुर थापा | वौघापोखराथोक–३, पाल्पा |
| श्री नामीकुवा नि.मा.वि. | गुणनिधी खनाल | सन्धीखर्क–५, अर्घाखाँची |
| श्री प्रभात मा.वि. | राम वि.क. | पालुङ मैनादी–२, पाल्पा |
| श्री प्रभात मा.वि. | जनक प्रसाद आचार्य | पालुङ्ग मैनादी२, पाल्पा । |
| श्री प्रभात मा.वि. | सुमन रेश्मी | पालुङ मैनादी–४, पाल्पा । |
| श्री लक्ष्मी उ.मा.वि. | विष्णु बहादुर कार्की | ता.न.पा.–१३, पाल्पा |
| श्री लक्ष्मी उ.मा.वि. | मधुकर छिनाल | ता.न.पा.–१३, पाल्पा |
| श्री लक्ष्मी उ.मा.वि. | कमलराज वस्याल | मालुङ्गा–२, स्याङजा |

## अनुसूची -छ

### छनौटमा परेको विद्यालय श्री चण्डीका प्राथमिक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण :

| नाम, थर | शैक्षिक योग्यता | पद | जाति | कैफियत |
|---|---|---|---|---|
| श्री शेरबहादुर कार्की | कक्षा १० उतीर्ण | अध्यक्ष | क्षेत्री | अभिभावक मध्येवाट निर्वाचित |
| श्री मिनबहादुर कार्की | एस. एल.सी. | सदस्य | क्षेत्री | अभिभावक मध्येवाट निर्वाचित |
| श्री शिवबहादुर वोहोरा | कक्षा ५ उतीर्ण | सदस्य | क्षेत्री | अभिभावक मध्येवाट निर्वाचित |
| श्रीमती लक्ष्मी कार्की | कक्षा७ उतीर्ण | सदस्य | क्षेत्री | अभिभावक मध्येवाट महिला प्रतिनिधी |
| श्री पूर्णबहादुर कार्की | कक्षा ५ उतीर्ण | सदस्य | क्षेत्री | अभिभावक मध्येवाट मनोनित |
| श्री भीमबहादुर वोहरा | कक्षा ८ उतीर्ण | सदस्य | सदस्य | संस्थापक मध्येवाट मनोनित |
| श्री तेजबहादुर कार्की | कक्षा ८ उतीर्ण | सदस्य | जनजाती | पदेन सदस्य |
| मञ्जु कुमारी घिमीरे | आई. ए. | सदस्य | व्राह्मण | शिक्षक प्रतिनिधी |
| श्री वोधराज ढुङ्गाना | आई. ए. | सदस्य_सचिव | व्राह्मण | प्रधानध्यापक |

## अनुसूची- ज

**छनौटमा परेको विद्यालय नामीकुवा निम्न माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण :**

| **नाम, थर** | **शैक्षिक योग्यता** | **पद** | **जाति** | **कैफियत** |
|---|---|---|---|---|
| श्री सूर्यबहादुर वगाले | आर्मी द्धितिय | अध्यक्ष | जनजाती | अभिभावक मध्येवाट निर्वाचित |
| श्री नैन सिं लुङ्गेली | कक्षा ५ उतीर्ण | सदस्य | जनजाती | अभिभावक मध्येवाट निर्वाचित |
| श्री रेखबहादुर थापा | ५ कक्षा उतीर्ण | सदस्य | क्षेत्री | अभिभावक मध्येवाट निर्वाचित |
| श्रीमती पविसरा वराल | १० कक्षा उतीर्ण | सदस्य | जनजाती | अभिभावक मध्येवाट महिला प्रतिनिधी |
| श्रीमती हेमा थापा | १० कक्षा उतीर्ण | सदस्य | जनजाती | अभिभावक मध्येवाट मनोनित |
| श्री हुमबहादुर वराल | कक्षा ८ उतीर्ण | सदस्य | जनजाती | संस्थापक मध्येवाट मनोनीत |
| श्री हिरावहादुर थापा | कक्षा १० उतीर्ण | सदस्य | जनजाती | पदेन सदस्य |
| श्री दिलबहादुर थापा | एस.एल.सी. | सदस्य | जनजाती | शिक्षक प्रतिनिधी |
| श्री वेणीमाधव उपाध्याय | आचार्य पास | सदस्य_सचिव | ब्राह्मण | प्रधानध्यापक |

## अनुसूची– झ

**छनौटमा परेको विद्यालय श्री प्रभात माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण:**

| **नाम, थर** | **शैक्षिक योग्यता** | **पद** | **जाती** | **कैफियत** |
|---|---|---|---|---|
| श्री डुलबहादुर कुवँर | आई.ए. | अध्यक्ष | क्षेत्री | अभिभावक मध्येवाट निर्वाचित |
| श्री ईन्द्रबहादुर कुवँर | टेस्ट पास | सदस्य | क्षेत्री | अभिभावक मध्येवाट निर्वाचित |
| श्री कमल आचार्य | टेस्ट पास | सदस्य | ब्राह्मण | अभिभावक मध्येवाट निर्वाचित |
| श्रीमती शान्ता वि.क. | टेस्ट पास | सदस्य | दलित | अभिभावक मध्येवाट निर्वाचित |
| श्री शंकर भट्टराई | एस.एल.सी. | सदस्य | ब्राह्मण | वुद्धिजिवी मध्येवाट मनोनित |
| श्री चोलानाथ आचार्य | टेस्ट पास | सदस्य | ब्राह्मण | संसथापक मध्येवाट मनोनित |
| श्री दान बहादुर कुवँर | एस.एल.सी. | सदस्य | क्षेत्री | शिक्षक प्रतिनिधी |
| श्री डिल्लीराम नेपाल | वि.वि.एस. | सदस्य | व्राह्मण | चन्दादाता मध्येवाट मनोनित |
| श्री रमेश भट्टराई | वि.एड. | सदस्य – सचिव | ब्राह्मण | प्रधानाध्यापक |

**अनुसूची- ञ**

**छनौटमा परेको विद्यालय श्री लक्ष्मी उच्च माध्यमिक विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीहरुको विवरण** :

| नाम, थर | शैक्षिक योग्यता | पद | जाति | कैफियत |
|---|---|---|---|---|
| विन्दुवहादुर रावल | एस.एल.सी. | अध्यक्ष | क्षेत्री | अभिभावक मध्येवाट निर्वाचित |
| श्री लक्ष्मणबहादुर रावल | कक्षा १० उतीर्ण | सदस्य | क्षेत्री | अभिभावक मध्येवाट निर्वाचित |
| श्री विदुर घिमिरे | कक्षा ८ पास | सदस्य | व्रह्माण | अभिभावक मध्येवाट निर्वाचित |
| श्रीमती गंगादेवी वोहोरा | कक्षा ७ पास | सदस्य | क्षेत्री | अभिभावक मध्येवाट महिला प्रतिनिधी |
| श्री अमिन मियाँ | कक्षा ८ पास | सदस्य | जनजाती | वुद्धिजिवि मध्येवाट मनोनीत |
| श्री वुद्धबहादुर रावल | एस.एल.सी. | सदस्य | क्षेत्री | संस्थापक मध्येवाट मनोनीत |
| श्रीमती सीता खड्का | कक्षा ७ उतीर्ण | सदस्य | क्षेत्री | चन्दादाताबाट मनोनीत |
| श्री युवराज पंगेनी | वि. ए. | सदस्य | व्रह्माण | शिक्षक प्रतिनिधी |
| श्री धातानन्द शर्मा गैरे | एम.एड. | सदस्य_सचिव | व्रह्माण | प्रधानध्यापक |

# अनुसूची- ट

**प्राथमिक तहमा अध्ययन गराउने छनौटमा परेका शिक्षकहरुको विवरण:**

| **शिक्षकको पद** | **शैक्षिक योग्यता** | **तालिम** | **दरवन्दीको प्रकार** | **विषय विशिष्टिकरण** | **अध्यापन अनुमति पत्र** |
|---|---|---|---|---|---|
| प्र.अ. प्रा.वि. तृतीय | आई.ए. | १०महिने, प्र.अ.व्यवस्थापन, पुनर्ताजगी तालिम | स्थायी | संस्कृति, अर्थशास्त्र र नेपाली | नि.मा.वि तह |
| स.अ. प्रा.वि.तृर्तीय | आइ ए. | १० महिने, पाठ्यक्रम कयान्वयन,टि.पि.िड.दोस्रो प्याकेज | अस्थायी | स्वास्थ्य, शिक्षा | प्रा.वि. तह |
| स.अ. | एस.एल.स ी. | १० महिने | राहत | शिक्षा | प्रा.वि. तह |
| स.अ. | एस.एल.स ी. | – | नीजिस्रोत | अंग्रेजी | – |
| वा.स.का. | एस.एल.स ी. | १० महिने | नीजिस्रोत | शिक्षा | – |

## अनुसूची-ठ

**प्रा.वि. तहको शिक्षक छनोटसँग सम्बन्धित पक्षहरुको विवरण**

| छनोटसँगसम्बन्धित पक्षहरु | | | | | |
|---|---|---|---|---|---|
| उतरदाताको जम्मा संख्या | प्र.अ. | शिक्षक | वि.व्य.स. सदस्यहरु | संख्या | प्रतिशत |
| | १ | ३ | ९ | १३ | १००% |
| विज्ञापन गरिन्छ | | १ | २ | ३ | **२३%** |
| विज्ञापन गरिदैन | १ | २ | ७ | १० | **७७%** |
| छनोट समितिको प्रमुख भूमिका | | १ | १ | २ | **१५%** |
| वि.व्य.स. र अभिभावकको प्रमुख भूमिका | १ | २ | ५ | ८ | **६२%** |
| सम्बन्धित विषयमा विज्ञव्यक्तिको | | | ३ | ३ | २३% |
| समाजले हस्तक्षेप गर्छ | | १ | ३ | ४ | ३१% |
| समाजले हस्तक्षेप गर्दैन | १ | २ | ६ | ९ | ६९% |
| विद्यालयले पक्षपात गर्छ | | २ | ४ | ६ | ४६% |
| विद्यालयले पक्षपात गर्दैन | १ | १ | ५ | ७ | ५४% |
| राजनैतिक विवादहरु आउँछन | १ | २ | ६ | ९ | ६९% |
| राजनैतिकविवादहरु आउदैनन | | ज्ञ | ३ | ४ | ३१% |

## अनुसूची- ड

**निम्न माध्यमिक तहमा अध्यापन गराउने छनौटमा परेका शिक्षकहरुको विवरण:**

| **शिक्षकको पद** | **योग्यता** | **तालिम** | **दरवन्दीको प्रकार** | **विषय विशिष्टिकरण** | **अध्यापन अनुमति पत्र** |
|---|---|---|---|---|---|
| प्र.अ. नि.मा.वि. तृतीय | आचार्य | नि.मा.वि. नेपाली १० महिने | स्थायी | नेपाली | मा.वि.तह |
| स.अ. नि.मा.वि. तृर्तिय | वि.एड. | नि.मा.वि. गणित १० महिने | अस्थायी | गाणित | मा.वि.तह |
| स.अ. नि.मा.वि. तृर्तिय | आई.ए. | आई.एड, टि. पि.डि. पहिलो प्याकेज | अस्थायी | अंग्रेजी | नि.मा.वि.तह |
| स.अ. प्रा.वि. तर्तिय | एस.एल. सी. | १० महिने | स्थायी | विज्ञान, गणित | प्रा.वि.तह |
| शिशु सहयोगी | वि.एड. | वि.एड. | नीजी स्रोत | स्वास्थ्य | नि.मा.वि.तह |

## अनुसूची- ढ

### नि.मा.वि. तहको शिक्षक छनोटसँग सम्बन्धित पक्षहरुको विवरण

| छनोटसँगसम्बन्धित पक्षहरु | | | | | |
|---|---|---|---|---|---|
| उतरदाताको जम्मा संख्या | प्र.अ. | शिक्षक | वि.व्य.स. सदस्यहरु | संख्या | प्रतिशत |
| | १ | ३ | ९ | १३ | १००% |
| विज्ञापन गरिन्छ | १ | ३ | ७ | ११ | ८५% |
| विज्ञापन गरिदैन | १ | | २ | २ | १५% |
| छनोट समितिको प्रमुख भूमिका | १ | ३ | ५ | ९ | ६९% |
| वि.व्य.स. र अभिभावकको प्रमुख भूमिका | | | ३ | ३ | २३% |
| सम्बन्धित विषयमा विज्ञव्यक्तिको प्रमुख भूमिका | | | १ | १ | ८% |
| समाजले हस्तक्षेप गर्छ | | २ | ७ | ९ | ६९% |
| समाजले हस्तक्षेप गर्दैन | १ | १ | २ | ४ | ३1% |
| विद्यालयले पक्षपात गर्छ | | | २ | २ | १५% |
| विद्यालयले पक्षपात गर्दैन | १ | २ | ७ | ११ | ८५% |
| राजनैतिक विवादहरु आउँछन | १ | २ | ७ | १ | ७७% |
| राजनैतिक विवादहरु आउदैनन | | १ | २ | ३ | २३% |

## अनुसूची- ण

**माध्यमिक तहमा अध्यापन गराउने छनोटमा परेका शिक्षकहरुको विवरणः**

| विद्यालयको नाम | शिक्षक को पद | योग्यता | तालिम | दरवन्दीको प्रकार | विषय विशिष्टिकरण | अध्यापन अनुमतिपत्र |
|---|---|---|---|---|---|---|
| श्री प्रभात मा. .वि, मैनादी | प्र.अ. | वि.एड | वि.एड | अस्थायी | अंग्रेजी | मा.वि.तह |
| श्री प्रभात मा.वि, मैनादी | स.अ. | वि.एसी. | १० महिने, टि.पि.डि. पहिलो प्याकेज | राहत | रसायन विज्ञान | |
| श्री प्रभात मा.वि, मैनादी | स.अ. | एम.एड आइ.ए सी | एम.एड | राहत | अंग्रेजी | मा. वि तह |
| श्री प्रभात मा.वि, मैनादी | स.अ. | एम.एड . | एम.एड. | अस्थायी | स्वास्थ्य शिक्षा | मा.वि. तह |
| श्री लक्ष्मी उ.मा.वि. वन्दिपोखरा | स.प्रअ | एम.वि. ए. वि.एड | वि.एड, टि.पि.डि दोस्रो प्याकेज मास्टर अफ ट्रेनिङ अफ ट्रेनर | अस्थायी | एच.आर. एम. इ.पि.एम. | मा.वि. तह |
| श्री लक्ष्मी उ.मा.वि. वन्दिपोखरा | स.अ. | एम.एड | एम.एड | राहत | अंग्रेजी | मा.वि.तह |
| श्री लक्ष्मी उ.मा.वि. वन्दिपोखरा | स.अ. | वि.एल. वि.एड | वि.एड टि.पि. डि पहिलो प्याकेज | राहत | रसायन विज्ञान | |
| श्री लक्ष्मी उ.मा.वि. वन्दिपोखरा | स.अ. | एम.वि. एस, वि.एड | वि.एड, टि.पि.डि. पहिलो प्याकेज | राहत | लेखा, जनसंख्या | मा.वि तह |
| श्री लक्ष्मी उ.मा.वि. वन्दिपोखरा | शिशु सहयोग ी | आइ.क म | | निजिस्रोत | लेखा | |

## अनुसूची- त

**माध्यमिक तहमा शिक्षक छनोटसँग सम्बन्धित पक्षहरुको विवरण**

| छनोटसँगसम्बन्धित पक्षहरु | | | | | |
|---|---|---|---|---|---|
| उतरदाताको जम्मा संख्या | प्र.अ. | शिक्षक | वि.व्य.स. सदस्यहरु | संख्या | प्रतिशत |
| | २ | ६ | १८ | १६ | १००% |
| विज्ञापन गरिन्छ | २ | ६ | १८ | २६ | १००% |
| विज्ञापन गरिदैन | _ | _ | | | |
| छनोट समितिको प्रमुख भूमिका | _ | ५ | १२ | १७ | ६५% |
| वि.व्य.स. र अभिभावकको प्रमुख भूमिका | १ | १ | ५ | ७ | २७% |
| सम्बन्धित विषयमा विज्ञव्यक्ति | १ | | १ | २ | ८% |
| समाजले हस्तक्षेप गर्छ | _ | | ४ | ४ | १५% |
| समाजले हस्तक्षेप गर्दैन | २ | ६ | १४ | २२ | ८५% |
| विद्यालयले पक्षपात गर्छ | | १ | २ | २ | ८% |
| विद्यालयले पक्षपात गर्दैन | २ | ६ | १६ | १४ | ९२% |
| राजनैतिक विवादहरु आउँछन | _ | १ | ३ | ४ | १५% |
| राजनैतिक विवादहरु आउदैनन | २ | ५ | १५ | २२ | ८५% |

## अनुसूची- थ

**शिक्षा नियमावलिमा उल्लेखित प्रधानाध्यापक छनौटका आधारहरुः**

| क्र.सं. | छनौटका आधारहरु | अंक |
|---|---|---|
| १ | शैक्षिक योग्यता वापत | १० |
| २ | शिक्षण अनुभव वापत | १५ |
| ३ | तालिम वापत | ५ |
| ४ | कार्य सम्पादन मूल्याङ्कन बापत | २५ |
| ५ | विद्यालय सुधार कार्ययोजना वापत | ३० |
| ६ | नेतृत्व लिने क्षमता वापत | १५ |
| | जम्मा | १०० |